# वार्षिक प्रगति प्रतिवेदन

आ.व. २०७२-७३











नेपाल सरकार

पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार



लाईभस्टक विशेषज्ञसँग अन्तरक्रिया कार्यक्रम



अन्तरक्रिया कार्यक्रम

नेपाल सरकार

# पशुपन्छी विकास मन्त्रालय




**पशुपन्छी विकासका क्षेत्रमा गठित प्रथम राष्ट्रिय सल्लाहाकार सभा बैठकको समुद्घाटन समारोह**



# मन्तव्य

नेपाली कृषि प्रणालीको अभिन्न अङ्गको रुपमा रहि आएको पशुपन्छीपालन व्यवसाय आधुनिक युगमा आईपुग्दा मुलुकको आर्थिक उन्नतिको वलियो आधार क्षेत्रको रुपमा परिचित भएको छ। हाम्रो देशको कुल ग्राहस्थ उत्पादनमा करिव ११ प्रतिशत योगदान पुरयाँउदै आएको पशुपन्छी उप क्षेत्रको योगदान र थप रोजगारी श्रृजना गरी सम्वृद्ध नेपाल निर्माण गर्ने सम्भाव्यतालाई आत्मसात गरी यस उप क्षेत्रलाई थप व्यवसायिक बनाउदै लैजाने उद्देश्यका साथ २०७२ पौष ९ गते पशुपन्छी विकास मन्त्रालयको गठन भएको हो। यस मन्त्रालयको स्थापनावाट पशुपन्छी पालक कृषक, व्यवसायी, सहकारी एवं प्राविधिकहरु उत्साहित भएका छन् र मुलुकलाई पशुजन्य पदार्थको उत्पादनमा आत्मनिर्भर वनाई निर्यात प्रवर्द्धन गरी वैदेशिक मुद्रा आर्जन गर्न चुनौतीहरु थपिएका छन्। नयाँ मन्त्रालयले सञ्चालन गरेका कार्यक्रमको प्रथम वार्षिक प्रतिवेदन प्रकाशन गर्न पाउँदा खुसी लागेको छ।यस मन्त्रालयलाई नवीनतम खोजमा आधारित, विशिष्ठीकृत, प्रतिस्पर्धी, प्राविधिक र किसानका लागि भरपर्दो पशु सेवा उपलव्ध गराउने "किसानको साथी" मन्त्रालयको रुपमा विकास गरिने नयाँ सोंच, लक्ष्य र उद्देश्य सहितको ४० वुँदे प्रतिवद्धता र यस क्षेत्रको चौधौं त्रिवर्षिय योजना समेत तयार गरिएको छ। मन्त्रालयले पशु नश्ल सुधार, पशु आहार, पशु स्वास्थ्य र पशुपन्छी वजार प्रवर्द्धन गरी चार स्तम्भको रणनीतिलाई अंगिकार गरी आगामी एक वर्षमा फुल, दुई वर्षमा मासु र तीन वर्षमा दुध उत्पादनमा आत्मनिर्भर हुनेगरी दुध, फुल, मासु मिशन कार्यक्रम ल्याइएको छ भने "वधशाला देखि भान्सासम्म स्वच्छ र स्वस्थ मासु एवं गोठ देखि ओठ सम्म स्वच्छ र स्वस्थ दुध" अभियान सन्चालनमा ल्याइएको छ। यसका लागि मन्त्रालय अन्तरगतका विभाग संस्थान वोर्ड परिषद समितिहरु र आयोजनाहरु मार्फत कार्यक्रमहरु संचालन हुँदै आएका छन्। उक्त मिसन कार्यक्रम अनुसार जिल्लाहरुलाई पशु उत्पादनमा आत्मनिर्भर बनाउदै लाने प्रतिवद्धता बमोजिम काभ्रे जिल्लालाई दुधमा आत्मनिर्भर जिल्ला घोषणा गरीसकिएको छ भने अन्य जिल्लाहरु क्रमशः घोषणा गर्दै जाने क्रममा रहेका छन्।

आ व २०७२/०७३ मा पशुपन्छी विकास मन्त्रालय र अन्तरगतका निकायहरुवाट संचालित कार्यक्रमहरुका लागि विनियोजित रु ५ अरव १८ करोड १६ लाख ३० हजार वजेट वाट पहिलो

प्राथमिकता र दोस्रो प्राथमिकतामा गरी कार्यक्रमहरु संचालनमा रहेका थिए। मन्त्रालय र अन्तरगतका निकायहरुवाट संचालित कार्यक्रमबाट २०७२/०७३ को अवधीमा आयोजनागत रुपमा प्राप्त प्रमुख उपलव्धी र मन्त्रालय अन्तरगतका विभिन्न विभाग संस्थान वोर्ड परिषद समितिहरु र आयोजनाहरुको उद्देश्य एवं सो उद्देश्य अनुरुप भए गरेका प्रमुख कार्यहरुको विवरण तथा विश्लेषणलाई यस प्रकाशनमा समावेश गरिएको छ ।

यस प्रतिवेदन लेखन, सम्पादन तथा प्रकाशनमा अथक प्रयास गर्नुहुने सहसचिव श्री श्याम प्रसाद पौडेल र उहाँको टिम साथै यो महत्वपुर्ण प्रतिवेदन तयार पार्ने क्रममा आवस्यक तत्थ्याङ्क उपलव्ध गराई प्रतिवेदनलाई पुर्णता प्रदान गर्न सहयोग गर्ने सवै निकायहरु धन्यवादका पात्र छन भने यस मन्त्रालयको लक्ष प्राप्तीकालागि सञ्चालन भएका कार्यक्रमहरुको सफल कार्यान्वयन गर्नुहुने यस मन्त्रालयका सवै कर्मचारीहरु प्रति आभार व्यक्त गर्न चाहन्छु। अन्तमा यस प्रकाशनमा भएका कमी कमजोरीहरु औंल्याई हामीलाई सुध्रिने मौका दिनुहुनेछ भन्ने सम्पुर्ण सरोकारवाला महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु ।

उत्तम कुमार भट्टराई
२०७३/०७/२५
सचिव

# विषय सुची


१. पशुपन्छी विकास मन्त्रालय ........ १

१.१ पृष्ठभुमी ........ १

१.२ पशुपन्छी क्षेत्रको बर्तमान अवस्था ........ २

१.३ मन्त्रालयको कार्यक्षेत्र ........ ४

१.४ पशुपन्छी विकास मन्त्रालयको सोच, लक्ष्य तथा उद्येश्य ........ ५

१.४.१ सोंचः ........ ५

१.४.२ लक्ष्यः ........ ५

१.४.३ उद्देश्यहरुः ........ ५

१.५ मन्त्रालयको संगठनात्मक संरचना तथा जनशक्ति विवरणः ........ ६

२. पशुपन्छी विकास मन्त्रालयका प्राथमिकताहरु ........ ७

३. आ.व. २०७२/०७३ मा संचालित मूख्य कार्यक्रमहरुको प्रगति स्थिति ........ १६

३.१ योजना, अनुगमन तथा मुल्याङ्कन महाशाखाको प्रगति ........ १६

३.१.१ मासु पसल अनुगमन ........ १६

३.१.२ पशु ढुवानी अनुगमन ........ १६

३.१.३ डेरी पसल अनुगमन ........ १७

३.१.४ राष्ट्रिय सल्लाहकार समितिको गठन ........ १७

३.२ नीति पशु स्वास्थ्य तथा नियमन महाशाखाको प्रगति ........ १९

३.२.१ राष्ट्रिय पशु विकास नीतिको तर्जुमा ........ १९

३.२.२ पशु स्वास्थ्य तथा पशु सेवा ऐन र पशु वधशाला तथा मासु जाँच ऐनको संशोधन ........ १९

३.२.३ पशु कल्याण ऐन, सरुवा रोग ऐन ........ २०

३.२.४ राष्ट्रिय सल्लाहकार उप—समितिको गठन र कार्य प्रगति ........ २०

३.२.५ राष्ट्रिय खोरेत रोग नियन्त्रण रणनीति तर्जुमा ........ २०

३.२.६ जोखिम भत्ता दिने कार्य विधि ........ २०

३.२.७ पशु स्वास्थ्य घुम्ती कोष परिचालन कार्य विधि संशोधन ..... २०
३.३ पशुपन्छी उत्पादन तथा व्यवसाय प्रवर्द्धन महाशाखाको प्रगति ..... २०
३.४ प्रशासन महाशाखाबाट भए गरिएका प्रयास र प्राप्त उपलब्धीहरु ..... २२
३.४.१ कर्मचारी प्रशासन शाखा तथा आन्तरिक व्यवस्थापन शाखाको प्रत्यक्ष संलग्नता वा समन्वयमा भए गरिएका काम कारवाही र प्रगतिको अवस्था ..... २२
३.४.२ आर्थिक प्रशासन शाखाको प्रत्यक्ष संलग्नता वा समन्वयमा भए गरेका काम कारवाही र प्रगतिको अवस्था ..... २४
३.४.३ कानुन तथा फैसला कार्यान्वयन शाखाको प्रत्यक्ष संलग्नता वा समन्वयमा भए गरेका काम कारवाही र प्रगतिको अवस्था ..... २४
३.५ पशु विकास सेवा कार्यक्रम (ब.सि.नं. ३१२१२६ ३/४) ..... २५
३.५.१ पशु विकास फार्महरुवाट वितरण गरिएको प्रगति विवरण ..... २९
३.५.२ व्यवसायिक बाख्रा फार्म सुदृढिकरण तथा बाख्रामा जातीय सुधार कार्यक्रम ..... ३०
३.५.३ फोरेज मिसन कार्यक्रमः ..... ३०
३.५.४ कवुलियती वन तथा पशु विकास कार्यक्रम ..... ३१
३.५.५ राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको अन्य कार्यक्रमहरुबाट हासिल भएका उपलब्धीहरु ..... ३२
३.५.६ दुध उत्पादन लक्षित कार्यक्रम ..... ३२
३.५.७ मासु उत्पादन कार्यक्रम ..... ३३
३.६ पशु स्वास्थ्य कार्यक्रम (ब.सि.नं. ३१२१२५ ३/४) ..... ३६
३.६.१ पशु स्वास्थ्य तर्फ भएका मुख्य मुख्य कार्यहरु ..... ३७
३.६.२ भेटेरिनरी जनस्वास्थ्य कार्यक्रमः ..... ३७
३.६.३ पशु सेवा घुम्ती कोष परिचालनको अवस्था ..... ३८
३.७ पशुपन्छी बजार प्रवर्धन कार्यक्रम (ब.सि.नं. ३१२१२७) ..... ३९
३.७.१ पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालयबाट साझेदारीमा सम्पन्न मुख्य कार्यक्रमको विवरण ..... ४०
३.८ पशु सेवा प्रसार कार्यक्रम (ब.सि.नं. ३१२८०३) ..... ४०
३.९ कर्णाली अञ्चल पशु विकास कार्यक्रम (ब.सि.नं. ३१२८०१) ..... ४१
३.१० नेपाल व्यापार एकिकृत रणनीति (NTIS) कार्यक्रम (ब.सि.नं. ३१२१६२(३/४) ..... ४१

३.११ पशु सेवा तालिम कार्यक्रम (ब.सि.नं. ३१२१३०) ........ ४२
३.१२ उच्च पहाड कृषि व्यवसाय तथा जिवीकोपार्जन (हिमाली) आयोजना (ब.सि.नं.३१२१५) ........ ४४
३.१३ बर्ड फ्लू रोग नियन्त्रण आयोजना (ब.सि.नं. ३१२१३२) ........ ४५
३.१४ राष्ट्रिय दुग्ध विकास बोर्ड (ब.सि.नं.३१२०१६३) ........ ४५
३.१५ नेपाल पशु चिकित्सा परिषद (ब.सि.नं.३२७०१४३) ........ ४६
४. प्रगति नपुग हुनाका कारण ........ ४८
५ समस्या, चुनौति र भावी कार्यदिशा ........ ४९
६. बेरुजु फर्स्योट वार्षिक प्रगति विवरण २०७१/०७२ ........ ५१
७. अनुसुचीहरु ........ ६०–७६

# १. पशुपन्छी विकास मन्त्रालय

## १.१ पृष्ठभुमी

पशुपन्छी पालन क्षेत्रबाट नेपालको राष्ट्रिय अर्थतन्त्रमा उल्लेख्य योगदान पुगेको छ। पशु घनत्वको हिसावले नेपाल सम्बृद्ध राष्ट्रहरु मध्ये पर्दछ तर पशुपन्छीको हालको उत्पादकत्व स्तर भने न्यून रहेको छ। पशुपन्छी पालनमा व्यवसायीकरणको क्रम पछिल्लो दशकहरुबाट बढदै गएको पाइन्छ जस्को फलस्वरुप दुध उत्पादनका लागि व्यावसायिक रुपमा गाइ,भैंसी, कुखुरा पालन तथा बंगुर पालन फार्महरुको बृद्धि हुदै गएको अवस्था छ। हाल देशमा बार्षिक करिव १८५३ हजार मे.टन दुध, ३१७८५० मे.टन मासु तथा १२० करोडगोटा अण्डा उत्पादन हुने गरेको छ। यस आधारमा हाल बार्षिक प्रति व्यक्ति दुध ७० लिटर, मासु १२ के.जी. र अण्डा ४५ वटा उपलव्ध हुने देखिन्छ कुल जनसंख्याको हिसावले हालको उत्पादनबाट प्रति व्यक्ति प्रति बर्ष दुध, मासु, फुलको उपलव्धता क्रमसः ३०,१४ र ६ प्रतिशतले न्यून रहेको छ। तसर्थः खाद्य तथा पोषण सुरक्षाको दृष्टिकोणबाट नेपालीहरुको विद्यमान पशुजन्य पदार्थको उपभोगको स्तरलाई उल्लेख्य रुपमा बढाउन आवश्यक छ। पशुपन्छी पालनको क्षेत्रलाई द्रुत रुपमा विकास गरी देशलाई दुध, मासु र अण्डामा आत्मनिर्भर बनाई भविष्यमा निर्यात प्रवर्द्धनमा समेत योगदान दिने उद्धेश्य सहित यस क्षेत्रको बिशिष्टिकरण गर्न नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७२/ ९/ ९ को निर्णय अनुसार पशुपन्छी विकास मन्त्रालयको स्थापना भएको हो। मन्त्रालयले मिति २०७२/१०/१३ मा ४० बुँदे प्रतिबद्धता **अनुसुची १** अनुसारको सार्वजनिकिकरण गरिसकेको छ। मन्त्रालयको प्रतिवद्धता अनुरुप पशुपन्छी पालन राष्ट्रिय नीति र दश बर्षे दुग्ध विकास योजना तर्जुमा गर्ने, बिद्यमान ऐन, नियम तथा मापदण्डहरुलाई समसामयिक बनाउन परिमार्जन गर्ने, नयाँ ऐन, नियम तथा मापदण्डहरुको निर्माण गर्ने एवं अण्डा, मासु र दुधमा नेपाललाई क्रमसः एक, दुई र तीन बर्ष भित्रै आत्मनिर्भर बनाउदै पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्व बृद्धि गरीतुलनात्मक लाभका क्षेत्र पहिचान गरी भविष्यमा

पशुजन्य उत्पादनको निर्यातबाट आर्थिक, सामाजिक सम्बृद्धि, वातावरण तथा जनस्वास्थ्य संरक्षण, रोजगारी सृजनाका माध्यमले देशलाई सम्बृद्ध राष्ट्रमा रुपान्तरण गर्ने कार्यक्रम रहेको छ। मन्त्रालयको प्रतिवद्धता अनुसार पशुपन्छीक्षेत्रको दिगो विकासकालागि नेपाल सरकारलाई नीतिगत तथा प्राविधिक क्षेत्रमा सुझाव दिनको लागि सरकारी,निजी क्षेत्र, विश्वविद्यालय, अनुसन्धानकर्ता एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका ख्याति प्राप्त बैज्ञानिक र कृषक, व्यवसायी सम्मिलित सल्लाहकार समुह गठन गरिएको छ। जसअनुसार पशुपन्छी विकासका चार अन्योन्याश्रित तथा महत्वपूर्ण स्तम्भहरुः पशुपन्छीको प्रजनन् तथा नश्ल सुधार, आहारा तथा पोषण, पशु स्वास्थ्य र बजार प्रवर्द्धका क्षेत्रमा ख्याति प्राप्त स्वदेश तथा बिदेशमा कृयाशील बिज्ञ, बिशेषज्ञहरुको दक्षता तथा अनुभवबाट नेपालको पशुपन्छी क्षेत्र लाभान्वित हुने साथै बिज्ञ, बिशेषज्ञहरुको योगदान, अनुभव र दक्षताको कदर भई बिज्ञ पलायनलाई रोकी स्वदेशकै विकासमा लगाउनकालागि उपयुक्त वातावरण पनि सृजना हुने उद्देश्यका साथ विषयगत क्षेत्रहरुमा राष्ट्रिय सल्लाहकार समितिहरु गठन गरिएको छ। राष्ट्रिय सल्लाहकार समितिको विवरण **अनुसूची** २ मा रहेको छ।

नेपाली अर्थतन्त्रको आशालाग्दो क्षेत्रलाई बढी व्यवस्थित गरी पशुधनको उत्पादन, प्रबर्धनका साथै पशुजन्य उद्योगको विकास र विस्तारका लागि पशुपन्छी विकास मन्त्रालयको स्थापना भएकोले पशुपन्छी क्षेत्रमा आबश्यक नीति तथा कार्यक्रम मार्फत पशुपन्छीपालक कृषक, व्यवसायी तथा उद्यमीहरुका लागि आबश्यक सेवा प्रवाहलाई सहज र सुलभ बनाई गुणस्तरीय, स्वच्छ र दिगो पशुपन्छीजन्य उत्पादन पद्धतिद्धारा उत्पादन तथा उत्पादकत्वमा बृद्धि गर्दै व्यवसायीकरणका लागि निजी तथा सहकारी क्षेत्रबाट लगानी बढाउने वाताबरण सिर्जना गर्नुका साथै भएको लगानीको संरक्षण गर्ने यस मन्त्रालय अगाडि बढेको छ। यसका साथै पशु स्वास्थको सम्वर्द्धन मार्फत पशु तथा पशुजन्य उत्पादनबाट मानवमा सर्न सक्ने रोगहरुको नियन्त्रण र रोकथाम गरी जनस्वास्थ्य संरक्षणमा योगदान गर्नु पनि यस मन्त्रालयको प्रमुख कार्यको रुपमा लिइएको छ ।

## १.२ पशुपन्छी क्षेत्रको बर्तमान अवस्था

पशुपन्छीपालन क्षेत्रले देशको कुल गार्हस्थ उत्पादनमा करीव ११ प्रतिशत र कुल कृषि गार्हस्थ उत्पादनमा करीव २६.८ प्रतिशत योगदान प्रदान गर्दै आएको सन्दर्भमा पशुपन्छी क्षेत्रको विशेष आर्थिक महत्व छ। आर्थिक बर्ष २०७२/७३ मा देशमा कुल दुध उत्पादन

१८५३ हजार मेट्रिक टन, मासु ३१७ हजार मेट्रिक टन र अण्डा १२० करोड वटा उत्पादन भई प्रति व्यक्ति प्रति वर्ष दुध, मासु र अण्डाको उपलब्धता क्रमशः ७० लिटर, १२ किलोग्राम र ४४ वटा रहेको छ। मानव आहारमा पोषणका आवश्यकता पुरा गर्न न्यूनतम पशुजन्य पदार्थहरुको उपभोग प्रतिव्यक्ति प्रति वर्ष दुध ९१ लिटर, मासु १४ किलोग्राम र अण्डा ४८ वटा प्राप्त गर्नका निमित्त बर्तमान दुध उत्पादनमा ३० प्रतिशत, मासु उत्पादनमा १४ प्रतिशत र अण्डा उत्पादनमा ६ प्रतिशतले बृद्धि गर्नुपर्ने देखिन्छ। पशुपन्छी विकास मन्त्रालयको प्रतिबद्धतामा उल्लेख भए अनुरुप चालु आर्थिक बर्ष भित्र अण्डामा, २ बर्ष भित्रमा मासुमा र तीन बर्ष भित्र दुधमा आत्मनिर्भरता हासिल गर्ने गरी कार्यक्रमहरु संचालन गरिएका छन। विगत ५ बर्षमा पशुजन्य पदार्थको उत्पादन अवस्था र सरदर बार्षिक बृद्धिदर **अनुसुची ३** मा उल्लेख गरिएको छ।

नेपालमा राष्ट्रिय समस्याको रुपमा देखिएको मातृ तथा बालवालिका कुपोषणको समस्या न्यूनिकरणमा दुध, अण्डा र मासुले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ। विकासशील देशहरुमा हालको तुलनामा सन् २०२० सम्म पशुपन्छीजन्य प्रोटीनको माग दोब्बरले बृद्धि हुने अनुमान गरिएको छ। सन् २०२२ सम्म नेपाललाई विकासशील मुलुकमा रुपान्तरण गर्ने राष्ट्रिय संकल्प रहेको परिप्रेक्षमा पशुपन्छीजन्य पदार्थको उपलब्धतामा आत्मनिर्भर बन्न पशुपन्छीपालन क्षेत्रलाई उच्च प्राथमिकता दिन आवश्यक देखिएको छ। यसकालागि उन्नत पशुपन्छीका नश्ल, पशु आहार, पशुपन्छी स्वास्थ्य र व्यवसायीकरणका क्षेत्रमा थप अनुसन्धान र विकास गर्न आबश्यक छ। नेपाल विश्व व्यापार संगठन तथा विश्व पशु स्वास्थ्य संगठनको सदस्य राष्ट्र भए पश्चात् त्यस्तो राष्ट्रका हैसियतले पशुपन्छी विकास क्षेत्रमा पुरा गर्नुपर्ने दायित्व निर्वाह गर्न विकासका विभिन्न साझेदारहरुसँग नजिकको समन्वय गर्दै पशुपन्छी विकाससम्बन्धी कार्यक्रमहरुलाई आगामी दिनमा अझ बढी प्रभावकारी बनाउनुपर्ने आवश्यकता छ।

चालु आर्थिक वर्ष २०७३/७४ चौधौं त्रिवर्षीय योजनाको शुरु वर्ष भएको र संगसंगै कृषि तथा पशु सेवा क्षेत्रको मूल मार्गदर्शक नीतिको रुपमा जारी भएको कृषि विकास रणनीति (२०१५ - २०३५) लाई योजना तथा कार्यक्रमहरुमा अनुवाद गर्दै यसले लिएको लक्ष्य पुरा गर्ने शुरुको वर्ष पनि भएको सन्दर्भमा नवीन सोचका साथ प्रतिफलमूलक कार्ययोजना तर्जूमा गरी लागु गर्नु वाञ्छनीय देखिएको छ। तर २०७२ बैशाख १२ गतेको महाभूकम्प

र गत आ. व. मा भोग्नुपरेको नाकाबन्दी तथा आवतजावतको अवरोधले पशुपन्छीपालन, पशुपन्छीजन्य उद्योग तथा समग्र बजारीकरण र व्यावसायीकरणमा नकारात्मक असर परेको छ। यसले पशुपन्छी र सेवा क्षेत्रको वृद्धिमा पार्न सक्ने बहुआयामिक असरहरुलाई पहिचान गरी त्यसलाई चांडै न्यूनिकरण गर्ने खालका कार्यक्रमहरु तर्जूमा गरी लागु गराउनु पर्ने चुनौती श्रृजना गरेको छ।हाले मात्र संयुक्त राष्ट्रसंघले 'दिगो विकास लक्ष्य पारित गरी १७ वटा लक्ष्य र त्यस अन्तरगत १६९ वटा आशातीत नतिजा र त्यसको मापनको लागी ३०४ वटा सूचकहरु प्रस्ताव गरेको छ।सो लक्ष्यहरु निर्दिष्ट समयभित्रै पुरा गर्न पशुपन्छीसेवा क्षेत्रले योगदान दिने विषयमा मन्त्रालय तथा अन्तरगतका निकायहरुले अथक प्रयास गर्नु परेको छ।

## १.३ मन्त्रालयको कार्यक्षेत्र

यसै सन्दर्भमा नेपालमा पशुपन्छी व्यवसायको प्रचुर सम्भावनाबाट यथेष्ट लाभ लिन तथा चुनौतिहरुलाई बिशिष्टीकृत ढंगले सामना गर्ने विषयलाई मध्यनजर गर्दै नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२ पौष ९ गतेको निर्णयद्धारा पशुपन्छी बिकास मन्त्रालय गठन भएको छ। नेपाल सरकार (मं.प.) को मिति २०७२ पौष ९ गतेको निर्णयवाट कायम भए वमोजिम पशुपन्छी बिकास मन्त्रालयको कार्यक्षेत्र यस प्रकार रहेको छ:

- पशु विकास सम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन,
- पशुपन्छीपालन तथा यसको विकास, व्यवस्थापन, नश्ल सुधार, दाना र चरनको अनुसन्धान तथा विकास,
- पशु चिकित्सा, औषधि उत्पादन तथा नियमन,
- दुध र दुग्ध पदार्थबाट बनेका बस्तुहरुको अनुसन्धान, विकास तथा बजार प्रबर्द्धन,
- पशु क्वारेन्टाईन,
- पशुपन्छीका जात, नश्लको गुणस्तर निर्धारण, प्रमाणीकरण तथा नियमन,
- पशुपन्छीसँग सम्बन्धित विषयमा अध्ययन, अनुसन्धान तथा सर्वेक्षण,
- मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थको विकास,
- पशुपन्छी वीमा,
- पशु सेवा र प्रविधिको सम्बद्धता, स्तरीकरण तथा प्रमाणीकरण,

- पशु सेवा सम्बन्धी प्रयोगशालाको सम्बद्धता सम्बन्धी विषय,
- विश्व पशु स्वास्थ्य सङ्गठन,
- पशुपन्छी आहारा, पशुपन्छी फार्म तथा पशुपंक्षी विकास केन्द्र,
- नेपाल कृषि सेवाका सम्बन्धित समूहको सञ्चालन ।

## १.४ पशुपन्छी विकास मन्त्रालयको सोच, लक्ष्य तथा उद्येश्य

आफ्नो कार्यक्षेत्रहरु भित्र रहेर प्रभावकारी कार्य सम्पादन गर्नको लागी मन्त्रालयले निम्न अनुसार स्पष्ट सोच (Vision), लक्ष्य (Mission) र उद्धेश्य (Objectives) हरु तय गरेको छ।

### १.४.१ सोंच:

पशुपन्छी क्षेत्रको दिगो विकासद्वारा खाद्य सम्प्रभु र समृद्ध नेपाल । **(Food Sovereign and Prosperous Nepal through Sustainable Livestock Development)**

### १.४.२ लक्ष्य:

दिगो पशुपन्छीजन्य उत्पादनका माध्यमले मुलुकलाई खाद्य तथा पोषणमा आत्मनिर्भर बनाई उच्च आर्थिक वृद्धिदर हासिल गर्ने ।

**(Food and Nutrition Security through Sustainable Livestock Production for Higher Economic Growth)**

### १.४.३ उद्देश्यहरु:

- परम्परागत एवं निर्वाहमुखी पशुपन्छीपालनलाई व्यवसायीकरण गर्दै मुलुकलाई पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर वनाउने र पशुपन्छीजन्य पदार्थको निर्यात प्रवर्द्धन गर्ने।
- पशुपन्छी उत्पादक कृषक, समुदाय, सहकारी संस्था एवं उद्यमीहरुलाई स्थानीय तहवाटै एकीकृत रुपमा प्राविधिक सेवा, उन्नत नश्ल, दाना र आहारा, पशु स्वास्थ्य सेवा, सुलभ ऋृण र पशु बिमा जस्ता सेवा उपलव्ध गराउने।
- मुलुकलाई दुध, दुग्ध पदार्थ, मासु, अण्डा उत्पादन र उपभोगमा आत्मनिर्भर बनाई कुपोषण हटाउने तथा खाद्य तथा पोषण सुरक्षामा टेवा पु-याउने।

- पशुपन्छीपालनलाई महिला तथा युवा स्वरोजगारको माध्यम बनाई उनीहरुलाई पशुजन्य पदार्थको उत्पादन, प्रशोधन, व्यवस्थापन, वजारीकरण जस्ता कार्यमा लाग्न प्रोत्साहन गरी थप रोजगारी सिर्जना गर्दै राष्ट्रिय अर्थतन्त्रमा टेवा पु-याउने।
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्वपूर्ण पशुपन्छी रोगहरुको रोकथाम, नियन्त्रण तथा उन्मुलन गरी स्वच्छ पशुजन्य उत्पादन अभिबृद्धि गर्ने।
- पशुपन्छी बिकास मन्त्रालयलाई नविनतम् खोजमा आधारित, प्रविधियुक्त, बिशिष्टीकृत, परिणाममूखी र प्रतिस्पर्धी बनाउंदै कृषक समुदाय र उद्यमीहरुका लागि भरपर्दो सेवा उपलव्ध गराउने **"किसानको साथी"** मन्त्रालयको रुपमा बिकास गर्ने।

## १.५ मन्त्रालयको संगठनात्मक संरचना तथा जनशक्ति विवरणः

नेपाल सरकारबाट पशुपन्छी विकास मन्त्रालयको स्थापना पश्चात मिति २०७२ पौष २८ मा स्वीकृत मन्त्रालयको संगठन संरचना र दरवन्दी अनुसार मन्त्रालयमा ८१ जनाको दरवन्दी रहेकोछ भने मन्त्रालय अन्तर्गतका निकायहरु पशु सेवा बिभाग, निर्देशनालय, जिल्ला स्थित कार्यालय, फार्म, क्वारेन्टाइन, पशु रोग अन्वेषण प्रयोगशाला, पशु सेवा तालिम केन्द्र तथा सेवाकेन्द्रहरुमा समेत गरि ४२५९ दरवन्दी रहेको छ। यसै गरी राष्ट्रिय दुग्ध विकास बोर्डमा ३५, दुग्ध विकास संस्थानमा १०६३ र नेपाल पशु चिकित्सा परिषदमा ५ जनाको दरवन्दी समेत कुल जम्मा ५४४३ जनशक्ति रहेकोछ।

केन्द्रमा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग, ४ वटा कार्यक्रम निर्देशनालयहरु (पशु उत्पादन, पशु स्वास्थ्य, पशु सेवा तालिम तथा प्रसार र पशुपन्छी बजार प्रवर्द्धन), क्षेत्रीय स्तरमा पाँचै विकास क्षेत्रमा क्षेत्रीय पशु सेवा निर्देशनालय र क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशाला र क्षेत्रीय पशु तालिम केन्द्रहरु, ७५ जिल्लामा जिल्ला पशु सेवा कार्यालयहरु र गा.वि.स. स्तरमा ९९९ पशु सेवा केन्द्रहरु रहेका छन्।यी सेवा केन्द्रहरुमध्ये २३१वटा "क" श्रेणीका सेवा केन्द्रहरुमा अधिकृतस्तरको जनशक्तिको दरवन्दी रहेकोछ। यसरी केन्द्र देखि समुदायस्तर सम्म संगठन संरचना भएका नेपाल सरकारका मन्त्रालयहरुमध्ये यो मन्त्रालय कृयाशिल रहदै आएकोछ। मन्त्रालय र अन्तर्गत निकायहरुको संगठनात्मक संरचना र दरवन्दी विवरण क्रमश: **अनुसुची** ४ र **अनुसुची ५** मा उल्लेख गरिएकोछ ।

# २. पशुपन्छी विकास मन्त्रालयका प्राथमिकताहरु

पशुपन्छी विकास मन्त्रालयको लक्ष्य र उद्धेश्य प्राप्त गर्न मन्त्रालयले प्रतिबद्धता सार्वजनिक गरिसकेको सन्दर्भमा त्यसमा उल्लेखित वूंदाहरुलाई कार्यमूलकरुपमा अनुवाद गरी ठोस नतिजा प्राप्त गर्ने उद्धेश्यका साथ कार्यक्रम तर्जूमा गरी लागु गर्नुपर्नेछ साथै त्यसको सामन्जस्यता कृषि विकास रणनीतिसंग पनि गर्नुपर्नेछ (प्रतिबद्धताको पुर्ण विवरण मन्त्रालयको वेभसाइटः **www.mold.gov.np** बाट प्राप्त गर्न सकिन्छ। सो प्रतिबद्धताका ४० बूंदाहरुलाई आत्मसात गर्दै मन्त्रालय, विभाग तथा अन्तरगतका केन्द्रीय निकायहरु र जिल्ला पशु सेवा कार्यालयहरुले केन्द्रीय तथा निक्षेपित कार्यक्रमहरु तर्जूमा गरी कार्यान्वयन गर्दै आएका छन्। पशुपन्छी विकास मन्त्रालयको कार्यक्षेत्र, प्रतिवद्धता, राष्ट्रिय आवधिक योजना, कृषि विकास रणनीति र नेपाल सरकारको नीतिहरुलाई आधार मानी यस मन्त्रालयले निम्न कार्यहरुलाई प्राथमिकतामा राखेको छ ।

१) कृषि विकास रणनीतिको भावना अनुरुप पशुपन्छीपालन सम्वन्धी विद्यमान नीतिगत व्यवस्थालाई समीक्षा गरी किसानमैत्री राष्ट्रिय पशुपन्छीपालन नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने र कृषि विकास रणनीतिले परिलक्षित गरेका पशु सेवाका कार्यक्रमहरुको कार्यान्वयन संस्थागत व्यवस्थावाट रणनीतिको उद्देश्य तथा प्रतिफल हासिल गर्न प्राथमिकता रहनेछ ।




२) नेपालको संविधान बमोजिम पशुपन्छी सम्बन्धी निम्न ऐन नियमहरुलाई परिमार्जन तथा संशोधन गर्नको लागी आवश्यक प्रकृया सम्पन्न गर्नेः

- पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ तथा सो को नियमावली परिमार्जन गर्ने ।

- पशु बधशाला तथा मासु जाँच ऐन, २०५५ तथा सो को नियमावली परिमार्जन गर्ने।
- दाना पदार्थ ऐन, २०३३ तथा सो को नियमावली परिमार्जन गर्ने।
- बीमा ऐन, २०४९ तथा सो को नियमावली संशोधनका लागि सरोकारवालाहरुसंग सहकार्य गर्ने।
- पशुकल्याण ऐन तथा नियमावली तर्जुमा गर्ने।
- पशुपन्छी व्यवसाय प्रवर्द्धन तथा बजार ऐन र नियमावली तर्जुमा गर्ने।
- पशु औषधि ऐन तथा नियमावली तर्जुमा गर्ने।
- सरुवा रोग रोकथाम तथा नियन्त्रण ऐन तथा नियमावली तर्जुमा गर्ने।

३) मुलुकको विविध भौगोलिक तथा पारिस्थितीकीय प्रणाली, स्थानीय संभाव्यता र जनचाहना अनुरुप दुध, मासु तथा फुल उत्पादन बिशेष क्षेत्र तोकी आवश्यक पूर्वाधार सहित एकीकृत प्राविधिक सेवा प्रवाहको लागि निम्नानुसार गर्नेः

- पशुपन्छी उत्पादन सम्भाव्यता अध्ययन गर्ने।
- विशेष उत्पादन क्षेत्र (दुध, मासु तथा फुल) पहिचान गरी प्रोफाईल तयारगर्ने।
- दुध, मासु तथा फुल विशेष उत्पादन क्षेत्रमा पशुपन्छीपालनका लागि आवश्यक पूर्वाधारहरुको विकास र विस्तार गर्ने।
- दुध, मासु तथा फुल विशेष उत्पादन क्षेत्रमा गाई, भैंसी, भेंडा, बाख्रा तथा बंगुरका विशेष उत्पादन प्याकेज कार्यक्रम सन्चालन गर्ने।

४) एकिकृत सेवा प्रवाहः

पशुपन्छीको नश्ल सुधार, पोषिलो आहारको व्यवस्था, पशु स्वास्थ्य संरक्षण र उत्पादित पशुजन्य पदार्थको बजारीकरणलाई एकीकृत रुपमा सेवा प्रदान गर्न निम्न अनुसार कार्यक्रमहरु संचालन गर्ने।

(क) पशुपन्छी नश्ल सुधार तर्फ

- "पशुपन्छीको नश्ल सूधारः उत्पादकत्व बृद्धिको आधार" भएकोले कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई पाँच बर्षभित्र उन्नत नश्लका गाई भैसीको संख्या दोव्वर पुर्‍याउने।

- यसको लागी कृत्रिम गर्भाधान सेवाको विस्तार तथा व्यवस्थापनका लागि पांच वर्षे पशु नश्ल सुधार योजना तयार गर्ने ।
- लहान, पोखरा र नेपालगञ्जमा तरल नाईट्रोजन तथा जमेको वीर्य उत्पादन क्षमतामा वृद्धि गर्ने।
- प्रत्येक वर्ष ५ लाखका दरले तीन वर्षमा १५ लाख गाई र प्रत्येक वर्ष १ लाखका दरले तीन वर्षमा ३ लाख भैंसीमा कृत्रिम गर्भाधान गर्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।
- कृत्रिम गर्भाधान सेवा नपुग्ने ठाँउमा नश्ल सुधारका लागि उन्नत रांगो, सांढे, बोका, बंगुर वितरण गरी नश्ल सूधारको व्यवस्था गर्ने ।

(ख) पशु आहारा व्यवस्थापन तर्फ

- पशु आहाराको विद्यमान करिव ३४ प्रतिशत कमीलाई वार्है महिना हरियो घाँस उत्पादन कार्यक्रमवाट १० प्रतिशतमा झार्ने उद्धेश्यलाई हासिल गर्ने गरी चरन तथा घांस विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- गुणस्तरीय पशु आहाराको उपलव्धता बढाउन चरन विकास, डालेघाँस र भुईंघाँस उत्पादन, संरक्षण र सदुपयोगलाई प्रोत्साहन गरिने ।
- फरेज मिसन लागु भएका सहित ७५ वटै जिल्लामा कम्तिमा एक एक वटा घाँसेवाली श्रोतकेन्द्र स्थापना गर्ने ।
- यस्ता श्रोतकेन्द्रहरुको संरक्षण र विस्तार गर्दै सेवाको कभरेज र आहारा उपलव्धता अभिलेखिकरण तथा रिपोर्टिंगको व्यवस्था समेत गर्ने।

(ग) पशुपन्छी स्वास्थ्य सुधार तर्फ

- आर्थिक एवं जनस्वास्थ्यका दृष्टिकोणबाट महत्वपूर्ण पशुपंछीका रोगहरुको रोकथाम तथा नियन्त्रणकालागि खोप उत्पादन, भण्डारण, उपयोगका साथै प्रयोगशालाहरुको सुदृढिकरण र पशु स्वास्थ्य नियमनलाइ अझ प्रभावकारी बनाउने ।
- पशुपन्छीमा देखापर्ने महत्वपुर्ण रोगहरुको रोकथामका लागि सम्पुर्ण पशुपन्छीहरुलाई आवश्यक खोप उपलब्धता र उत्पादनमा आत्मनिर्भर हुने सोचका साथ आगामी आ.व. मा रेविज रोगको खोप उत्पादन क्षमतालाई दोब्वर पार्नुका साथै खोरेत, पि. पि. आर., स्वाईन फिवर, रानीखेत जस्ता रोगको रोकथामका लागि स्वदेशमानै खोप

उत्पादन, भण्डारण, वितरण र प्रयोगका क्षेत्रमा थप लगानी गर्दै जाने गरी कार्यक्रम प्रस्ताव गर्ने।

- राष्ट्रिय खोरेत रोग नियन्त्रण रणनीति तर्जुमा गरी लागू गर्ने।
- विद्यमान पशुरोग अन्वेषण प्रयोगशालाहरुको आधुनिकीकरण र स्तरोन्नति गर्नुका साथै ७५ वटै जिल्ला पशु सेवा कार्यालयहरुका प्राथमिक प्रयोगशालाहरुलाई क्रमशः आधारभूत प्रयोगशालामा स्तरोन्नति गर्ने लक्ष्यका साथ आगामी आ.व.मा २५ जिल्लाका जि.प.से.का.हरुमा आधारभूत प्रयोगशाला विकास गर्ने।
- केन्द्रिय पशु चिकित्सालयलाई भेटेरीनरी टिचिङ्ग हस्पिटलको रुपमा विकास गर्ने।
- प्रदेश र जिल्ला स्तरीय कार्यालयहरुमा विशेषज्ञ सेवा प्रदान गर्न टेलीभेट मेडिसिन सेवा प्रारम्भ गर्ने।
- भविष्यमा कम्तिमा "एक प्रदेश एक नमूना भेटेरीनरी हस्पिटल" को स्थापना र विकास गर्ने सोचका साथ यस आ. व.मा जनकपुरमा एक नमूना भेटेरीनरी हस्पिटलको कार्य थालनी गर्ने।
- हालको पशुस्वास्थ्य नियमन कार्यलाई अझ वढी प्रभावकारी वनाउन केन्द्रीय, प्रादेशिक र स्थानीय तहका पशु सेवाका निकायहरुको भूमिका र कार्यको विस्तृत कार्ययोजना तयार गरी लागू गर्ने कार्यक्रम प्रस्ताव गर्ने।

(घ) पशुपन्छी वजार प्रवर्द्धन तर्फ

- प्रत्येक जिल्लामा १ देखि ५ वटा वजार केन्द्रको स्थापना र व्यवस्थित वधस्थलको स्थापना गर्ने।
- पशुपन्छीजन्य उत्पादनहरुको वजारमा पूर्वाधार सुदृढिकरण तथा पशुजन्य पदार्थको विविधिकरण गर्ने कार्यक्रम सञ्चालन प्रस्ताव गर्ने।
- वजार अनुसन्धान तथा वजार सूचना प्रणालीको विकास सम्बन्धि कार्यक्रम प्रस्ताव गर्ने ।
- दुध, मासु, अण्डा जस्ता पशुजन्य खाद्य पदार्थहरुको प्रशोधन विविधिकरण प्रवर्द्धनमा खाद्य स्वच्छता र गुणस्तरका पक्षहरुलाई यथेष्ठ ध्यान दिइने।

५) भुकम्प पुनर्निर्माण पुन: स्थापना कार्यक्रम

भुकम्पबाट क्षति पुगेका पशु सेवा सम्वन्धि कार्यालयका भौतिक संरचनाहरु तथा कृषकहरुका पशुपन्छीका गोठ खोरहरुको निम्न अनुसार पुन:निर्माण वा मर्मत सुधार गरी पुनःसञ्चालनमा ल्याउने।

- मन्त्रालय र मातहतका कार्यालय भवन, फार्महरु, सेवाकेन्द्रहरु लगायत क्षतिग्रस्त भवनहरुमध्ये पुर्ण क्षति भएका १५८ र आंशिक क्षति भएका ११४ भवनहरुको पुन: र्निर्माणका लागि पुन:र्निर्माणका प्राधिकरणमा प्रस्ताव गर्ने।
- कृषकहरुका क्षतिग्रस्त गोठ, खोरहरुको पुनर्निर्माण तथा मर्मतको कार्यक्रमहरु साझेदारीमा सम्पन्न गर्ने।
- भुकम्प प्रभावित ३१ जिल्लाहरुमा राष्ट्रिय पुन:र्निर्माणका प्राधिकरण मार्फत पुनर्स्थापना तथा पुन:र्निर्माणका कार्यक्रम प्रस्ताव गर्ने।

६) सरकारी तथा नीजि दुग्ध उद्योगहरुलाई पुनः सञ्चालन

- भुकम्प लगायत विभिन्न कारणले सञ्चालनमा आउन नसकेका सरकारी तथा नीजि दुग्ध उद्योगहरुलाई पुनःसञ्चालनमा ल्याउन सरकारी, नीजि, सहकारीको अवधारणालाई प्रोत्साहित गर्ने।
- देशलाई एक वर्षमा अण्डा, दुई वर्षमा मासु र तीन वर्षमा दुधमा आयात प्रतिस्थापन गरी आत्मनिर्भर बनाउने अभियान बमोजिम बिशेष कार्यक्रमहरु संचालन गर्नुका साथै क्षेत्रीय पशु सेवा निर्देशनालयहरुले आफ्नो क्षेत्र अन्तरगतका जिल्ला तथा क्षेत्रहरुलाई प्रतिबद्धताको भावना अनुसार अण्डा, मासु तथा दुध उत्पादनमा क्रमशः आत्मनिर्भर घोषणा गर्ने कार्यको लागी आवश्यक कार्यविधि तथा मापदण्ड तय गरी सहजीकरण गर्ने।
- रुग्ण दुग्ध उद्योगहरुको पहिचान गरी निर्देशिका र कार्यविधि तयार गरी यसको आधारमा सरकारी, सहकारी तथा नीजि सहकार्यमा रुग्ण दुग्ध उद्योगहरुको पुनर्स्थापनाका कार्य गर्ने।

७) मिसन कार्यक्रम

(क) मासुमा २ वर्षभित्र आत्मनिर्भर बनाउने कार्यक्रम

- मासु मिसन कार्यक्रमको अवधारणा तयारगरी खसी बोका उत्पादन तथा बजारिकरण कार्यक्रम २५ जिल्लामा संचालन गर्ने।
- व्यवसायिक बाख्रा प्रवर्द्धन राष्ट्रिय अभियान (Goat Mission) कार्यक्रम हालको २० जिल्लावाट विस्तारगरी ४५ जिल्लामा पुऱ्याइने ।
- २५ जिल्लामा विशेष पाडापालन अभियान कार्यक्रम संचालन गर्ने।
- पिग एण्ड पोर्क सूधार मिसन कार्यक्रम हालको १० जिल्लावाट विस्तारगरी १५ जिल्लामा पुऱ्याइने। साथै व्यावसायिक वंगुरपालनका सम्भाव्य थप १५ जिल्लामा मुल्य श्रृखलामा आधारित वंगुर तथा पोर्क उत्पादन, वजारीकरणका कार्यक्रम संचालन गर्ने।
- ग्रामीण कुखुरा विकास कार्यक्रम मार्फत पोषण सुरक्षामा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने।

(ख) दुधमा ३ वर्ष भित्र आत्मनिर्भर हुने कार्यक्रम

- मध्यपहाडी तथा हुलाकी लोकमार्ग केन्द्रित एकीकृत दुग्ध विकास कार्यक्रम संचालन गर्ने।
- नगरपालिका तथा नगरोन्मुख गाउंपालिकाहरुमा व्यावसायिक दुध उत्पादन, प्रशोधन तथा वजारीकरणका कार्यक्रम वृहत् रुपमा संचालन गर्ने।
- मुल्य श्रृखलामा आधारित एकीकृत दुग्ध व्यवसाय तथा उद्योग प्रवर्द्धन कार्यक्रम संचालन गर्ने।

८) दुध बिदा (मिल्क होलिडे) को अन्त्य

दुध बिदा (मिल्क होलिडे) लाई सदाकोलागि अन्त्य गर्न कृषकहरुबाट उत्पादित दुध खरीद गरी धुलो दुध बनाउनाका साथै दुग्ध पदार्थ विविधिकरण र बजारीकरणको व्यवस्थाको लागि निम्न अनुसार कार्यक्रम संचालन गर्ने।

- राष्ट्रिय दुग्ध विकास बोर्ड मार्फत दुग्धपदार्थको माग, आपूर्ति तथा मूल्यको अध्ययन गर्ने।
- दुग्ध उत्पादक कृषक समूह, सहकारी र नीजि क्षेत्रसंगको सहकार्यमा दुध संकलन, प्रशोधन तथा वजारीकरण विशेष कार्यक्रम संचालन गर्ने।
- दुग्ध विकास सस्थानको क्षमता अभिवृद्धि गरी दुग्ध पदार्थको विविधिकरण (यू.एच.टी., बेबी फुड लगायतका) कार्यक्रमहरु ल्याउने। दुग्ध सहकारीको क्षमता अभिवृद्धि गर्नुका साथै सम्भाव्य सहकारीहरुलाई दुग्ध प्रशोधन उद्योगको स्थापना तथा संचालन गर्न प्रोत्साहन गर्ने।
- स्कुल मिल्क कार्यक्रम संचालन गर्नका लागी अध्ययन गरी कार्ययोजना तयार गर्ने।

९) राष्ट्रिय दुग्ध विकास वोर्ड मार्फत दुधको माग, आपूर्ति अध्ययन गरी दुग्ध प्रशोधन, उत्पादनमा विविधिकरण र बजारीकरणलाई समयानुकुल बनाउन ६ महिनाभित्र दश बर्षे राष्ट्रिय डेरी डेभलपमेन्ट प्लान तयार गरी कार्यान्वयनमा ल्याउने। राष्ट्रिय दुग्ध विकास वोर्डको पुर्नसंरचना तथा सवलीकरण गरी एक थिंक ट्यांक(Think Tank)को रुपमा विकास गर्ने।

१०) प्रभावकारी नियमन

काठमाण्डौं उपत्यका लगायत देशका शहरी क्षेत्रहरुमा बिक्री वितरण गरिंदै आएको दुग्ध पदार्थ एवं मासुको गुणस्तर र स्वच्छता कायम राख्न निश्चित मापदण्ड तोकी नियमन कार्यलाई प्रभावकारी बनाउन निम्न अनुसार कार्यक्रम संचालन गर्ने।

- डेरी उद्योग तथा पसल, पशुवधशाला तथा मासुपसलको मापदण्ड तयार गरी लागू गर्ने।
- डेरी तथा मासु व्यवसाय सुदृढिकरण कार्यविधि तयार गरी लागू गराउने।
- मासुपसल, वधस्थल, डेरी उद्योग र डेरी पसलको अनुगमन तथा जनचेतना अभिवृद्धिलाई संस्थागत तुल्याई मापदण्ड वमोजिमका उद्योग तथा पसलहरुमा हरियो स्टिकरको व्यवस्था गर्नका साथै तिनीहरुको प्रवर्द्धनात्मक कार्य गर्ने।

११) पशुपन्छी पालन, दाना, आहारा, स्वास्थ्य उपचार र बजार सूचना प्रणाली सहितको मोबाइल एप्स तयार गरी प्रयोगमा ल्याउने र सेवालाई किसानमैत्री बनाउन छुट्टै पैसा तिर्न नपर्ने (टोल फ्री) नम्वरको व्यवस्था गर्ने।

१२) पशुपन्छी बीमालाई कृषक तथा सहकारी मैत्री, सरलीकृत र प्रभावकारी बनाउन आवश्यक नीतिगत सुधार गर्ने। यसका लागी बीमा समिति लगायत सरोकारवाला निकाय तथा सम्बन्धित संस्थाहरुसंग आवश्यक सहकार्य गर्ने।

१३) पशुपन्छी उत्पादन सामाग्री तथा यन्त्र, उपकरण, मेसिनरीमा लाग्दै आएको महशुलमा थप छुटको व्यवस्था मिलाउन विद्यमान कार्यविधि, नर्मसमा आवश्यक सूधारका लागी अर्थ मन्त्रालयसंग आवश्यक समन्वय गर्ने।

१४) युवाको बढ्दो विदेश पलायन रोक्न तथा विदेशबाट फर्किएका र बेरोजगार युवालाई पशुपन्छी पालनमा आकर्षित गर्ने गरी निम्न अनुसार युवालक्षित कार्यक्रमलाई प्राथमिकता दिने।

- विद्यमान युवालक्षित कार्यक्रमको प्रभावकारिता अध्ययन गरी यसलाई अझ नतिजामूलक वनाउने रणनीति तयार गर्ने।
- युवाहरुलाई स्वदेशमानै पशुपालन व्यवसायमा सम्लग्न गराई आय आर्जनको भरपर्दो माध्याम वनाउन विभिन्न वस्तुगत व्यावसायिक प्याकेज योजनाको नमूना तयार गरी युवा लक्षित कार्यक्रम मार्फत यस्ता योजना संचालन गराउने।
- युवालक्षित कार्यक्रमको अनुगमन, रिपोर्टिंग र मुल्याङ्कन कार्यलाई थप प्रभावकारी वनाउने।

१५) पशुपन्छी पालन सहितका कृषि कर्ममा बढ्दो महिला सहभागिता र महिला किसान सशक्तिकरणलाई केन्द्रित गर्दै साना तथा व्यावसायिक महिलामुखी निम्न कार्यक्रमहरु संचालन गर्ने।

- महिलामैत्री पशुपन्छी पालन कार्यक्रम कार्यविधि तयार गर्ने ।
- महिला विकास सम्बन्धी काम गर्ने निकायहरुसँगको समन्वयमा लक्षित जिल्ला तथा लाभान्वित समुदायको पहिचान गर्ने।
- महिलामुखि प्रविधि विकास, विस्तार तथा महिला किसान सहयोग कार्यक्रम स्वीकृत कार्यविधि अनुसार तोकिएका जिल्लाहरुमा संचालन गर्ने।
- एकल महिलाहरुको स्वाभिमान अभिवृद्धिका लागि विशेष पशुपालन कार्यक्रम प्रस्ताव गर्ने।

१६) अनुसन्धान र प्रविधि विकास

अनुसन्धान, प्रविधि विकास, वातावरण र जैविक विविधता संरक्षण तथा जलवायु परिबर्तन जस्ता साझा महत्वपूर्ण सवालमा सरोकारवाला निकायहरुसंग सहकार्य गर्ने।

- विद्यमान पशु सेवा प्रसार र अनुसन्धानको पुनरावलोकन तथा समयसापेक्ष प्रसार र अनुसन्धानको मोडेल तयार गर्न विशेषज्ञको टिमवाट अध्ययन गराउने।
- संघीय संरचनाको मर्म अनुसार पशुसेवा तथा अनुसन्धान कार्यलाई पुनःव्यवस्थित गर्ने।

१७) वातावरण तथा जैविक विविधता संरक्षण र जलवायु परिवर्तन अनुकुलन

- पशुपालनको क्षेत्रमा जलवायु परिवर्तन तथा वातावरण संरक्षणको विषय समेटी सरोकारवालाहरुको संलग्नतामा स्पष्ट नीति तथा भिजन पेपर तयारगर्ने ।
- उल्लेखित विषयमा साझा अवधारणा तथा पृष्ठपोषणका लागि केन्द्रियस्तरमा सम्वन्धित निकाय रहनेगरी संयन्त्र स्थापना गर्ने ।
- पशुपन्छी विकास सम्बन्धी कार्यक्रम तर्जुमा गर्दा वातावरण र जैविक विविधता संरक्षण तथा जलवायु परिवर्तन अनुकुलनका उपायहरुलाई प्राथमिकता दिने।

१८) स्थानीय स्तरमा सेवा प्रवाह विस्तार तथा सम्भाव्यताको आधारमा कार्यक्रमहरु बांडफांड गर्दै जिल्ला पशु सेवा कार्यालय तथा सेवा केन्द्रहरु मार्फत प्रभावकारी रुपमा पशुपन्छी विकासका कार्यक्रमहरु सञ्चालन गर्ने।

# ३. आ.व. २०७२/०७३ मा संचालित मूख्य कार्यक्रमहरुको प्रगति स्थिति

## ३.१ योजना, अनुगमन तथा मुल्याङ्कन महाशाखाको प्रगति

### ३.१.१ मासु पसल अनुगमन

काठमाडौं उपत्यका लगायतका नगरपालिका तथा शहरी क्षेत्रमा हाल विक्रि वितरण भै रहेको दुग्ध पदार्थ एवं मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न अभियानका रुपमा कार्यक्रम सन्चालन तथा अनुगमन गरिएको छ ।

पहिलो चरणको कार्यक्रम अन्तर्गत स्वच्छ एवं स्वस्थ मासु अभियान २०७२ का रुपमा मन्त्रालय, विभाग, कार्यक्रम निर्देशनालयहरु, क्षेत्रीय पशु सेवा निर्देशनालयहरु, केन्द्रीय स्तरका कार्यालयहरु तथा ७५ वटै जिल्लाका जिल्ला पशु सेवा कार्यालयहरु मार्फत २०७२ चैत्र १४ देखि २० सम्म सप्ताह व्यापी स्वच्छ एवं स्वस्थ मासु उत्पादन तथा उपभोग सम्बन्धि जनचेतना अभिवृद्धि र मासु पसल अनुगमन लगायत विभिन्न कार्यक्रमहरु संचालन भएको थियो।

### ३.१.२ पशु ढुवानी अनुगमन

मिति २०७३/३/१३ गते पशुपन्छी बिकास मन्त्रलयमा सुशासन सम्बन्धी बैठक बसेको र सो बैठकबाट पशु ढुवानी मापदण्ड, २०६४ अनुसार ढुवानी नगरी पीडादायी ढङ्गबाट गरिएको गुनासो आएकोले थानकोट चेकपोष्टमा ७ दिन अनुगमन गरि वास्तबिकता तथा प्रभाबकारीता अध्ययन गरि प्रतिबेदन पेश गर्न कमिटी गठन भएको थियो र पशुपन्छी विकास मन्त्रालयको मिति: २०७३/०३/१५ र पशु स्वास्थ्य निर्देशनालयको मिति:२०७३/०३/१६ अनुसार चार सदस्यीय अनुगमन टोली गठन गरी मिति: २०७३/०३/१९ गते देखि टोलीले सुधारकालागि कार्य आरम्भ गरि मन्त्रालयमा प्रतिवेदन पेश गरेको छ।

## ३.१.३ डेरी पसल अनुगमन

पशुपन्छी बिकास मन्त्रालयको ४० बुंदे प्रतिबद्धतामा गोठ देखि ओंठ सम्म स्वच्छ तथा स्वस्थ दुध कार्यक्रमको अभियान उल्लेख भए अनुसार उपत्यकाका ३ जिल्लामा सप्ताहब्यापी अभियानको रुपमा यो कार्यक्रम संचालन गरिएको थियो। यस कार्यक्रमको उद्देश्य डेरी पसलहरुको बिधमान अबस्थाको स्थलगत रुपमै जानकारी लिनु, डेरी पसलहरुको मापदण्ड तथा आचार संहिता निर्माणको तयारीका लागी सहयोग पु-याउनु, दुग्ध पदार्थ बिक्रेता तथा उपभोक्ता हरुमा स्वच्छ दुध तथा दुग्धजन्य पदार्थहरुको बिक्री बितरण तथा उपभोग बारे विभिन्न संचार माध्यम द्वारा जनचेतना अभिबृद्धि गर्नु, डेरी पसल नियमन गरी दुध तथा दुधजन्य पदार्थहरुको गुणस्तर कायम राख्न सहयोग पु-याउनु रहेको थियो।
अनुगमनको बखतमा डेरी पसलहरुको न्यूतम गुणस्तर कायम गर्न आवश्यक प्राबिधिक पक्षहरुलाई मध्यनजर गरी तयार गरिएको चेकलिस्टको आधारमा अनुगमन कार्य संचालन गरेको र अनुगमन पश्चात प्रत्येक दिनको रिपोर्टिङ्ग मन्त्रालयमा गर्ने गरिएको अनुगमनको क्रममा केही नमूनाहरु संकलन गरी प्रारम्भिक परीक्षणको लागि प्रयोगशालामा पठाएको र सोको नतिजा मिति २०७३/०४ /११ मा पत्रकार सम्मेलन गरी सार्बजनिकिकरण गरिएको थियो।

## ३.१.४ राष्ट्रिय सल्लाहकार समितिको गठन

नेपाल सरकारलाई आवश्यकता अनुसार पशुपन्छी विकास तथा अनुसन्धानका क्षेत्रमा नीति निर्माण गर्न मौजुदा नीतिगत व्यवस्थालाई समयानुकुल परिमार्जन गर्न आवश्यकता अनुसार बिषयगत रणनीति तर्जुमा गर्न सहयोग पुऱ्याउने र नेपालमा पशुपंन्छी विकास र अनुसन्धानका विभिन्न विषयगत क्षेत्रहरुमा विद्यमान समस्या, संभाव्यता र चुनौती पहिचान गरी यस क्षेत्रको दिगो विकासबाट अर्थतन्त्रमा योगदान पुऱ्याउनका लागि नेपाल सरकारलाई सुझाव र परामर्श दिने उद्देश्यले विषयगत बिज्ञ र बिशेषज्ञहरुलाई सदस्य तोकि चार विषयगत क्षेत्रमा राष्ट्रिय सल्लाहकार समितिहरु गठन गरिएको छ। राष्ट्रिय सल्लाहकार समितिहरुको विवरण **अनुसूची** २ मा संलग्न गरिएको छ।

*३.१.४.१. राष्ट्रिय सल्लाहकार समिति गठनको उद्धेश्यः*

क) नेपाल सरकारलाई आवश्यकता अनुसार पशुपन्छी विकास तथा अनुसन्धानका क्षेत्रमा नीति निर्माण, मौजुदानीतिगत व्यवस्थालाई समयानुकुल परिमार्जन गर्न तथा आवश्यकतानुसार बिषयगत रणनीति तर्जुमा गर्न सहयोग पुऱ्याउने।

ख) नेपालमा पशुपंन्छी विकास र अनुसन्धानका विभिन्न विषयगत क्षेत्रहरुमा विद्यमान समस्या, संभाव्यता र चुनौती पहिचान गरी यस क्षेत्रको दिगो विकासबाट अर्थतन्त्रमा योगदान पुऱ्याउनका लागि नेपाल सरकारलाई सुझाव र परामर्श दिने।

*३.१.४.२ राष्ट्रिय सल्लाहकार समितिको कार्यक्षेत्रः*

क) सम्वन्धित विषयगत क्षेत्रका लागि उपयुक्त नीति निर्माण, परिमार्जन गर्ने कार्यमा नेपाल सरकारलाईसहयोग पु-याउने।

ख) सम्वन्धित विषयका कार्यक्रम तर्जुमा कार्यमा नेपाल सरकारलाई राय सुझाव दिने।

ग) सम्वन्धित विषयका अध्ययन अनुसन्धान गर्न प्राथमिकता निर्धारण गर्नमा नेपाल सरकारलाई सहयोग गर्ने।

घ) सम्वन्धित विषयमा भएका नविनतम खोज, अनुसंधान नतिजा र प्रविधिबारे नेपाल सरकारलाई नियमित जानकारी गराउने।

ङ) सम्वन्धित विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको गोष्ठी, सेमिनार, तालिम, सम्मेलन आयोजना गर्न नेपाल सरकारलाई सहयोग गर्ने।

च) देशमा उपलव्ध सीमित स्रोत साधन तथा जनशक्तिको अधिकतम् उपयोग गर्ने वातावरण निर्माण गर्न नेपाल सरकारलाई राय सुझाव दिने।

छ) सम्वन्धित विषयका राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संगठनहरु बीच साझेदारी प्रबर्द्धन गर्ने विषयमा नेपाल सरकारलाई राय सुझाव दिने।

*३.१.४.३ पदावधिः*

माथी उल्लेखित सबै समितिका मनोनित सदस्यहरुको पदावधि निर्णय मितिले ३ बर्ष हुनेछ।

*३.१.४.४ सल्लाहकार समितिको संचालन व्यवस्था:*

१. मन्त्रालयले बर्षको कम्तीमा २ पटक सल्लाहकार समितिको बैठक आयोजना गर्नेछ। तर समितिहरुले आवश्यकतानुसार वैठक, गोष्ठी, सेमीनार संचालन गर्न गराउन सक्नेछन्।

२. मन्त्रालयले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही राष्ट्रिय सल्लाहकार समितिको संचालन गर्ने छ।

३. राष्ट्रिय सल्लाहकार समितिमा कुनै द्विविधा वा विवाद भएमा त्यसको निराकरण गर्ने जिम्मा पशुपन्छी विकास मन्त्रालयको हुनेछ।

४. पशुपन्छी विकास मन्त्रालयद्वारा मिति २०७३ जेष्ठ ३२ मा उक्त राष्ट्रिय सल्लाहकार समितिको प्रथम सभाको आयोजना गरिएको थिय।

## ३.२ नीति पशु स्वास्थ्य तथा नियमन महाशाखाको प्रगति

मन्त्रालयले जारी गरेको ४० बुँदे प्रतिवद्धतापत्रको बुँदा नं. ७.१, ७.२ र ७.३ अनुसार मन्त्रालयले नयाँ कानून तथा नीतिको तर्जुमा र विद्यमान कानूनको संशोधन गर्ने तर्फ निम्न अनुसार प्रगति भएको छ।

### ३.२.१ राष्ट्रिय पशु विकास नीतिको तर्जुमा

पशुपालन व्यवसायलाई बढी व्यवस्थित गर्न एक छुट्टै नीतिको आबश्यकता महसुस भई पशुपन्छी विकास मन्त्रालयको संयोजकत्वमा राष्ट्रिय पशु विकास नीति तर्जुमा भई राय सुझावको लागि सम्बन्धित निकायहरुमा पठाई सकिएको र ती निकायहरुबाट राय सुझाव प्राप्त भईरहको अवस्था छ।

### ३.२.२ पशु स्वास्थ्य तथा पशु सेवा ऐन र पशु वधशाला तथा मासु जाँच ऐनको संशोधन

पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ र पशु बधशाला तथा मासु जाँच ऐन २०५५ को समायानुकुल संशोधनको लागि समितिहरु गठन भई ती समितिहरु मार्फत सम्बन्धित सरोकारवालाहरुको राय सुझाव संकलन गरी निकायगत राय सुझावको लागि कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयमा सहमतिको लागि पठाईएको छ।

### ३.२.३ पशु कल्याण ऐन, सरुवा रोग ऐन

पशु कल्याण ऐन, सरुवा रोग ऐनको तर्जुमाको लागि सरोकारवाला पक्षहरु संग छलफल गरी प्रारम्भिक कार्यको थालनी भएको छ ।

### ३.२.४ राष्ट्रिय सल्लाहकार उप- समितिको गठन र कार्य प्रगति

पशुपन्छी क्षेत्रका विज्ञहरुलाई समेटी गठन भएका चार सल्लाहकार समितिमध्ये पशु स्वास्थ्य राष्ट्रिय सल्लाहकार समितिको पटक पटक बैठक बसी राष्ट्रिय पशु स्वास्थ्य नीति तयार गर्न एक उप-समिति गठन भई कार्य प्रारम्भ भएको छ ।

### ३.२.५ राष्ट्रिय खोरेत रोग नियन्त्रण रणनीति तर्जुमा

खोरेत रोग नियन्त्रण गर्नको लागि राष्ट्रिय खोरेत रोग नियन्त्रण रणनीति तर्जुमा भएको र सोही रणनीति अनुसार खोरत नियन्त्रण कार्यक्रमहरु सञ्चालन भईरहेको छ ।

### ३.२.६ जोखिम भत्ता दिने कार्य विधि

यस मन्त्रालय अन्तरगत विभिन्न प्रयोगशालाहरुमा काम गर्ने कर्मचारीहरुलाई जोखिम पूर्ण कार्यमा संलग्न भएवापत जोखिम भत्ता प्रदान गर्न कार्यविधि तर्जुमा गरि स्वीकृतीको लागि विज्ञान प्रविधि मन्त्रालयमा पेश गरिएको छ ।

### ३.२.७ पशु स्वास्थ्य घुम्ती कोष परिचालन कार्य विधि संशोधन

ग्रामीण क्षेत्रमा कार्यरत पशु सेवा प्राविधिकहरुलाई सेवा विस्तार गर्नको लागि ऋण सुविधा प्रदान गर्न व्यवस्था भएको पशु स्वास्थ्य घुम्तीकोष परिचालन कार्यविधि संशोधन गरि स्वीकृतीको लागिअर्थ मन्त्रालयमा पेश गरिएको छ ।

## ३.३ पशुपन्छी उत्पादन तथा व्यवसाय प्रवर्द्धन महाशाखाको प्रगति

१ एकल महिला लक्षित पशुपालन सवलिकरण कार्यक्रम कार्यविधि २०७३"(बाख्रा विकास कार्यक्रम) कार्यविधि तयार गरि ५ (पाँच) जिल्लाहरुः झापा, सुनसरी, काठमाण्डौं, म्याग्दी र कपिलबस्तुमा १५ सदस्य रहेको एकल महिलाहरुको १ समूह गठन गरी बाख्रा विकास कार्यक्रम संचालन गर्न यस मन्त्रालयबाट कार्यक्रम संचालन

कार्यविधिकासाथ रु. ३,००,०००।- (तिन लाख) बजेट सम्बन्धित जिल्लाहरुलाई वजेट उपलव्ध गराई कार्यक्रम संचालन गरिएको छ ।

२ समूह, सहकारी, नीजि पशुपन्छी पालन फार्महरु तथा पशुजन्य व्यवसाय सुदृढीकरण कार्यक्रम संचालन कार्यविधि २०७३" तयार गरि १० (दश) जिल्लाहरुः रौतहट, मकवानपुर, ललितपुर, नवलपरासी, स्याङजा, पर्वत, म्याग्दी, बर्दीया, कन्चनपुर र दार्चुलामा स्वच्छ दुध उत्पादन तथा बजारिकरणका लागि दुध ढुवानीको लागि प्राविधिक रुपमा उपयुक्त हुने स्टेनलेस स्टिल मिल्क क्यान ३०२ वटा खरिद गरी समूह, सहकारी, नीजि पशुपन्छी पालन फार्महरुलाई वितरण गर्न यस मन्त्रालयबाट कार्यक्रम संचालन कार्यविधिका साथ रु. १,००,०००।- (एक लाख) बजेट सम्बन्धित जिल्लाहरुलाई वजेट उपलव्ध गराई कार्यक्रम संचालन गरिएको थियो।

३ प्रारम्भिक वातावरणीय परीक्षणको कार्य सूची स्वीकृत सम्वन्धी वातावरणीय क्षमतामा कमी आउन नदिने गरी उपलव्ध प्राकृतिक श्रोतहरुको सही तथा सन्तुलित उपयोग गर्नु नै वातावरण व्यवस्थापनको मूल उद्देश्य अनुरुप पशुपालन क्षेत्रमा गरिने विभिन्न कृयाकलापहरु वातावरणीय पक्ष संग प्रत्यक्ष सरोकार राख्दछ । मानवीय कृयाकलापहरुले गर्दा पशु विकास क्षेत्र लगायत वातावरण तथा पर्यावरणका विभिन्न पक्षहरुमा प्रतिकुल प्रभावलाई मूल्याङ्कन गरी प्रतिकुल प्रभाव हटाउने वा न्यून गर्ने कार्य गर्नु पर्ने हुन्छ। तसर्थ वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४ ले आयोजनाको लागत र क्षमता हेरी प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन गर्नु पर्ने व्यवस्था भए अनुरुप नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७२ पौष ९ गनेको निर्णय द्वारा पशुपन्छी विकास मन्त्रालयको गठन भएकोले हाललाई कृषि क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण दिग्दर्शन, २०६५ वमोजिम नै पशु क्षेत्रको प्रारम्भिक वातावरणीय परीक्षण तथा सोको कार्यसूची तयार भई पेश हुन आएका प्रतिवेदनहरु पशुपन्छी वातावरण संरक्षण समितिमा प्रस्तुत भई छलफल भए अनुसारको प्रतिवेदन स्वीकृत हुने गर्दछ। आ.व. २०७२/०७३ मा यस मन्त्रालयमा पेश हुन आएका प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची ९ वटा पेश भई प्रारम्भिक वातावरण परीक्षणको प्रतिवेदन १ स्वीकृत हुने क्रममा रहेको र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएकोछ।

## ३. ४ प्रशासन महाशाखाबाट भए गरिएका प्रयास र प्राप्त उपलब्धीहरु

सुशासन भनेको समग्रतामा असल शासन हो। जनतालाई केन्द्रविन्दुमा राखी पारदर्शी, जवाफदेही र सहभागितामूलक ढंगले गरिने शासकीय प्रवन्ध हो सुशासन, जहाँ उनीहरुले आफ्ना लागि, आफ्नै सहभागितामा न्यायिक रुपमा कामकारवाही भइरहेको अनुभूति गर्दछन। त्यसैले यो देखिने भन्दा पनि वढी महशुस गरिने विषय हो। पशुपन्छी विकास मन्त्रालयले आ.व. २०७२/०७३ को कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको स्पष्ट नतिजा देखियोस, सेवाग्राहीले सम्वन्धित निकायबाट सरल र सहजरुपमा सेवा प्राप्त गर्न सकुन भन्ने अभिप्रायले प्रशासन महाशाखाको प्रत्यक्ष संलग्नता वा समन्वयमा चालिएका निम्न किसिमका प्रयासहरु र त्यसबाट देखिएको नतिजाले मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रम र सेवा प्रवाहमा हामीले अपनाइएको पद्धति सुशासनको पथमा रहेको अनुभव गर्न सकिन्छ।

### ३.४.१ कर्मचारी प्रशासन शाखा तथा आन्तरिक व्यवस्थापन शाखाको प्रत्यक्ष संलग्नता वा समन्वयमा भए गरिएका काम कारवाही र प्रगतिको अवस्था

क) हरेक निकायमा गुनासो सुन्ने अधिकारी तोकिएका कारण सेवाग्राहीको पहुँचमा अभिवृद्धि भएको छ र गुनासो सम्बोधनको मात्रा बढेको पाइएको छ ।

ख) मन्त्रालयमा रहेको हेलो सरकार युनिटका कारण सेवाग्राही र हरेक सचेत नागरिकबाट यस मन्त्रालयको कार्यक्षेत्रसंग सम्वन्धित गुनासो र प्रतिक्रिया तत्काल प्राप्त हुने वातावरण वनेको छ।

ग) आन्तरिक व्यवस्थापन शाखाको संयोजनमा प्रत्येक महिनाको १० गते मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा सबै विभागीय प्रमुख र जिम्मेवार पदाधिकारीहरुको उपस्थितिमा सञ्चालन हुने सुशासन सम्बन्धी मासिक वैठकमा अघिल्लो वैठकका निर्णयहरु कार्यान्वयनको अवस्था, महिनाभरीमा प्राप्त गुनासोहरु र सो को सम्बोधनको अवस्था, विभिन्न पत्रपत्रिका तथा मिडियामा आएका यस क्षेत्रसंग सम्वन्धित समाचार लगायत मन्त्रालय र अन्तर्गतका निकायहरुबाट सुशासन सम्वन्धी भए गरेका प्रयासहरुका बारेमा हुने समिक्षाले सेवाग्राहीका गुनासो समयमै सम्बोधन भएको र पशुपन्छी विकासका क्षेत्रसंग सम्बन्धित कार्यक्रमहरुलाई सही बाटोमा डोऱ्याई रहेको देखिन्छ।

घ) मन्त्रालयको स्थापना पश्चात झण्डै ६ महिनाको अवधिमा विभिन्न माध्यमबाट आएका सबै (१४ वटा ) गुनासोहरु समयमै सम्बोधन भएको अवस्थाले पनि यसतर्फको प्रगति स्पष्ट हुन्छ ।

ङ) प्रत्येक जिल्ला पशु सेवा कार्यालयमा क्षतिपूर्ति सहितको नागरिक बडापत्रको कार्यान्वयन, गुनासो पेटिका र सूचना अधिकारीको व्यवस्थाले सेवाग्राहीमैत्री वातावरण, कार्यक्रमहरुको नतिजामूलक कार्यान्वयन र सुशासन अभिवृद्धिमा टेवा पुगेको देखिन्छ ।

च) विभागीय प्रमुखहरुसंगको कार्यसम्पादन करारले सम्बन्धित पदाधिकारीको जवाफदेहिता र कार्यकुशलतामा अभिवृद्धि भई तोकिएको जिम्मेवारीको मापनीय नतिजा प्राप्त हुने अवस्था सृजना भएको छ।

छ) सचिव बैठकबाट भएका यस मन्त्रालयको कार्यक्षेत्रसंग सम्बन्धित निर्णयहरुको कार्यान्वयन र प्रगति अवस्थाबारे जानकारी गराउन Focal point को व्यवस्थाले निर्णय कार्यान्वयनको प्रभावकारिता अभिवृद्धि गरेको छ ।

ज) पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम १९ मा व्यवस्था भए बमोजिम हाल कार्यरत भेटनरी निरीक्षकको संख्या, कार्यक्षेत्र र कार्य विवरणका साथै उक्त नियममा उल्लेख भएका हरेक क्रियाकलापहरुको प्रगति विवरण निरीक्षकले दैनिकरुपमा सम्बन्धित कार्यालय प्रमुखलाई, साप्ताहिकरुपमा कार्यालय प्रमुखले क्षेत्रीय निर्देशकलाई, प्रत्येक १५ दिनमा क्षेत्रीय निर्देशकले पशु सेवा विभागका महानिर्देशकलाई पठाउने र सो को compile गरी विभागले सुशासन सम्बन्धी बैठकमा प्रस्तुत हुने गरी मासिकरुपमा मन्त्रालयमा उपलब्ध गराउने व्यवस्थाले काममा थप प्रभावकारिता आउने अपेक्षा गरिएको छ ।

झ) जिल्ला पशु सेवा कार्यालयहरुमा लागु भएको क्षतिपूर्ति सहितको नागरिक बडापत्रको प्रभावकारी कार्यान्वयनको अवस्थाबारे क्षेत्रीय निर्देशकहरुले अनुगमन गरी मासिकरुपमा मन्त्रालय र विभागमा प्रतिवेदन गर्नुपर्ने व्यवस्थाले बडापत्रको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता देखिएको छ।

ञ) आन्तरिक क्वारेन्टाइन चेकपोष्टलाई अझै प्रभावकारी बनाउन यसको स्तरोन्नतीका लागि सुझाव दिन समिति गठन भई कार्य प्रारम्भ भईसकेकोले भविष्यमा क्वारेन्टाइनहरुको कार्यमा थप प्रभावकारिता आउने विश्वास गर्न सकिन्छ।

### ३.४.२ आर्थिक प्रशासन शाखाको प्रत्यक्ष संलग्नता वा समन्वयमा भए गरेका काम कारवाही र प्रगतिको अवस्था

क. आर्थिक अनुशासनको प्रमुख अवयवको रुपमा रहने बेरुजु हालसम्म १४ करोड मात्र रहेकोमा सो को ५७ प्रतिशत फछ्यौंट समेत भइसकेकोले यसलाई सन्तोषजनक नै मान्नु पर्ने हुन्छ।

ख. वार्षिक कार्यक्रमको जानकारी तथा प्रवोधीकरण, खर्चको विवरणको सार्वजनिकीकरण र वेभसाइटमा राख्ने व्यवस्थाले सार्वजनिक निकायको उत्तरदायित्व र पारदर्शिता, आर्थिक अनुशासन तथा सूचनाको हक कार्यान्वयनमा सहयोग पुगेको छ।

ग. आर्थिक अनुशासन, बेरुजु न्यूनिकरण तथा सार्वजनिक खर्चमा प्रभावकारिता सम्बन्धी गरिने अन्तरक्रिया कार्यक्रम तथा गोष्ठिले आर्थिक सचेतना अभिवृद्धि गरी सुशासन कायम गर्न सघाउ पुर्याएको छ।

घ. आ.व. २०७२/०७३ मा पूँजिगत खर्च तर्फ भौतिक प्रगति १००% र वित्तीय प्रगति ९६.५४% रहेको छ भने चालु खर्च तर्फ भौतिक र वित्तीय प्रगति ७५% रहेको छ।

ङ. आ.व. २०७२/०७३ मा मन्त्रालयबाट रु. ४५०००/– राजस्व संकलन भएको छ।

### ३.४.३ कानून तथा फैसला कार्यान्वयन शाखाको प्रत्यक्ष संलग्नता वा समन्वयमा भए गरेका काम कारवाही र प्रगतिको अवस्था

क. आर्थिक अनुशासन, सेवा प्रवाहमा प्रभावकारिता, कर्मचारी व्यवस्थापन, गुनासो व्यवस्थापन तथा उजुरी छानविन लगायत मन्त्रालय र अन्तर्गतका निकायहरुबाट गरिने नीतिगत तथा कार्यगत निर्णयमा कानुनी शासनको मान्यतालाई केन्द्रविन्दुमा राखी दिइने राय तथा सुझावले सुशासन कायम गर्न टेवा पुर्याएको देखिन्छ।

ख. कानुनी सचेतना अभिवृद्धिका लागि गरिने अन्तरक्रिया कार्यक्रमबाट मन्त्रालय र अन्तर्गतका निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिमा सहयोग पुगेको छ।

ग. ऐन, कानून, कार्यविधि, निर्देशिकामा गरिएको समसामयिक परिमार्जन तथा सुधारबाट काममा सरलता, प्रभावकारिता, पारदर्शिता तथा मितव्ययिता अभिवृद्धि गर्न सहयोग पुगेको छ।

## ३.५ पशु विकास सेवा कार्यक्रम (ब.सि.नं. ३१२१२६ ३/४):



युवा लक्षित डेरी कार्यक्रम संचालित ४५ जिल्ला

यस कार्यक्रम अन्तर्गत कुल बजेट (रु. हजारमा) ८६८८२४ मध्ये भारित प्रगति प्रतिशत ७५.३९ र वित्तिय प्रगति ६१.८८ प्रतिशत रहेको छ। पशु विकास सेवा कार्यक्रम अन्तरगत खासगरि दुध तथा मासुको उत्पादन तथा उत्पादकत्व बृद्धि गरी व्यवसायिक पशुपालनमा युवा बर्गलाई प्रोत्सहान गर्ने कार्यक्रमहरु जस्तै कृत्रिम गर्भाधान राष्ट्रिय अभियान, पशु आहार राष्ट्रिय अभियान, बंगुर मिसन, युवा लक्षित डेरी कार्यक्रम, युवा लक्षित बाख्रा पालन कार्यक्रम संचालित रहेका छन। साझेदारी कार्यक्रमको रुपमा प्रतिस्पर्धात्मक प्रकृयावाट अनुदान उपलव्ध गराई व्यवसायिकरणमा टेवा पु-याउने देश भित्रै उन्नत पशु नश्लको श्रोत विकास गर्ने र सरकारी तथा निजी क्षेत्रका प्राविधिक जनशक्ति परिचालन गरी पशु सेवाको पहुँच बढाउन सामुदायिक पशु प्रजनन् केन्द्रहरुको स्थापना तथा परिचालन गरिएको छ ।



- कृत्रिम गर्भाधान कार्यक्रम अन्तरगत ३९१७०९ गाईमा, ९७६५० भैंसी र ३७४७ बाख्रीमा गरी जम्मा ४९३१३३ वटा पशुहरुमा कृत्रिम गर्भाधान भएको छ ।

- ११ जिल्लाका जम्मा ४१ व्यावसायिक गाईपालक कृषकहरुलाई ५० प्रतिशत अनुदानमा मिल्किङ्ग मेशिन उपलब्ध गराइएको छ ।
- युवालक्षित ३७० डेरीफार्मका ४४४० गाई भैसीहरुबाट वार्षिक १६४२५ मे.टन थप स्वच्छ, सफा दूधको उत्पादन हुने अनुमान गरिएको छ ।
- भारतबाट १३ मुर्रा जातको राँगोहरु खरिद गरी व्यवस्थापन गरिएको छ ।
- फरेज मिसन कार्यक्रम अन्तरगत बिभिन्न जिल्लाहरुमा ७३९५ हेक्टर क्षेत्रफलमा उन्नत घाँस लगाई ७५९५० मे.टन सुख्खा पदार्थ उत्पादन भै पशु आहारामा सुधार आएको ।

फरेज मिसन कार्यक्रम अन्तरगत ३ वटा चरन तथा घाँसेबाली बीउ बृद्धि फार्महरुमा संचालन गरिएको करारमा घाँसको विउ उत्पादन कार्यक्रमवाट २२०० क्वी. हिउँदे र १३०० क्वी. बर्षे घाँसको बीउ उत्पादन भएको छ ।

- तरल नाइट्रोजनको उपलव्धता सुनिश्चित गर्न पोखरामा नयाँ नाइट्रोजन प्लान्ट स्थापना गर्ने कार्य सम्पन्न गरिएकोछ ।
- सामुदायिक बाख्रा स्रोतकेन्द्र विकास कार्यक्रमवाट आ.व. २०७२/०७३ मा १० वटा नयाँ बाख्रा श्रोत केन्द्रहरुबाट आ.ब. २०७३/७४ मा ५००० खसी उत्पादन भई १५० मे.टन खसीको मासुमा बृद्धि भएको छ र ७ वटा बाख्रा श्रोत केन्द्रमा उच्च उत्पादन क्षमता भएका बोयर, सानन्, जमुनापारी तथा बारबरी जातका बोकाको सिमेन प्रयोग गरी ७२८ बाख्रामा कृत्रिम गर्भाधान भई २६१ वटा उन्नत पाठापाठीहरु उत्पादन भएको र अरु उत्पादन हुने अबस्थामा रहेको छ।
- युवालक्षित कार्यक्रमबाट १६० व्यवसायिक फार्म खोर सुधार तथा घाँस विकासका लागि ३ करोड २० लाख अनुदान वितरण भएको।
- मासुउत्पादनको लागि बाख्रा मिसन, वंगुर मिसन र सहकारी खेती कार्यक्रमबाट १०४५० मे.टन थप मासुको उत्पादन भएको (मन्त्रालयको प्रतिवद्धता "२ वर्षमा मासुमा आत्मनिर्भर हुने" लाई टेवा पुग्ने )।
- सम्पन्न भएको करिब ५ लाख कृत्रिम गर्भाधानबाट कम्तिमा २ लाख ५० हजार जनावरहरुले गर्भाधारण गरी १ लाख २५ हजार बाच्छी र पाडी जन्मिने, यी मध्ये

कम्तिमा १ लाख बाच्छी र पाडीहरुबाट ३ वर्ष भित्रमा थप १ लाख ६५ हजार मे.टन दूध उत्पादन हुने अनुमान गरिएकोछ।

- पशु उत्पादन निर्देशनालय, राष्ट्रिय पशु प्रजनन् केन्द्र, पशु प्रजनन् कार्यालयहरु, जिल्ला पशु सेवा कार्यालयहरु वाट यस आ.व.मा निम्नानुसारका संख्यामा कृत्रिम गर्भाधान गर्ने कार्य सम्पन्न भएको छ।
- कृत्रिम गर्भाधान अभियानका रुपमा हाल नेपालमा ४५ जिल्लाहरुमा कार्यक्रम सञ्चालन भैरहेको छ भने कृ.ग. अभियान र साधारण कार्यक्रम गरी पूर्वाञ्चलमा १४, मध्यमाञ्चलमा १९, पश्चिमाञ्चलमा १५, मध्यपश्चिमाञ्चलमा १३ र सुदुर पश्चिमाञ्चलमा ६ गरी जम्मा ६७ जिल्लाहरुमा कृ.ग. कार्यक्रम सञ्चालित छन्। हालसम्म पनि ओखलढुंगा, खोटाङ्ग, मनाङ्ग, जाजरकोट, कालिकोट, अछाम, बाजुरा र दार्चुला गरी जम्मा ८ जिल्लाहरुमा कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गर्न सकिएको छैन। कृत्रिम गर्भाधानका लागि राँगो तथा साँढेको जमेको विर्य उत्पादन गर्ने लक्ष्य ५ लाख ५० हजार रहेकोमा ६ लाख १६ हजार ६ सय ३४ मात्रा उत्पादन गरिएको र तरल नाइट्रोजन १३२७९० लिटर खरिद गरिएको (लक्ष्यको ६६ प्रतिशत) थियो।

  क्षेत्रगत रुपमा आ.व. २०७१/७२ र २०७२/२०६३ को कृ.ग. को बिवरण

| क्र. सं. | विकास क्षेत्र | आ.व. २०७१/०७२ | | | | आ.व. २०७२/०७३ | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गाई | भैंसी | बाखा | जम्मा | गाई | भैंसी | बाखा | जम्मा | |
| १ | पूर्वाञ्चल | १०४६३४ | २०८२२ | — | १२५४५६ | ११२९४० | १७८८० | ४१२ | १३१२३२ | |
| २ | मध्यमाञ्चल | १७६७२१ | ३६०२६ | — | २१२७४७ | १८२५१९ | ३०१५५ | ९५२ | २१३६२६ | |
| ३ | पश्चिमाञ्चल | ७५४७० | ३६५६१ | — | ११२०३१ | ७१७८७ | ३९४९४ | १३४४ | ११२६२५ | |
| ४ | मध्य—मश्चिमाञ्चल | १२११५ | ५०३३ | — | १७१४८ | १०९९० | ४७४९ | ७३२ | १६४७१ | |
| ५ | सुदुर पश्चिमाञ्चल | १४३६१ | ६१६७ | — | २०५२८ | १३४७३ | ५३७२ | ३३४ | १९१७९ | |
| | **जम्मा** | ३८३३०१ | १०४६०९ | — | ४८७९१० | ३९१७०९ | ९७६५० | ३७७४ | ४९३१३३ | |

- ६७ जिल्लाहरुमा कृत्रिम गर्भाधान गरेको मध्ये बढी सख्यामा कृत्रिम गर्भाधान गरेका कारणले निम्नानुसारका जिल्लाहरु पहिलो देखि दशौं स्थानसम्म पर्न सफल भएका छन्।

| क्र.सं. | आ.व. २०७१/०७२ | | | आ.व. २०७२/०७३ | | |
|---|---|---|---|---|---|---|
| | जिल्ला | स्तर | कृ.ग. संख्या | जिल्ला | स्तर | कृ.ग. संख्या |
| १ | चितवन | प्रथम | ४५५०६ | चितवन | प्रथम | ४४०५६ |
| २ | रुपन्देही | द्धितिय | ४०२९८ | रुपन्देही | द्धितिय | ३६४९३ |
| ३ | नवलपरासी | तृतिय | २९८६९ | झापा | तृतिय | ३१६३९ |
| ४ | मोरङ | चतुर्थ | २९७४८ | नवलपरासी | चतुर्थ | ३०६२६ |
| ५ | झापा | पाँचैं | २९३७० | काठमाण्डौ | पाँचैं | ३०१८८ |
| ६ | काठमाण्डौ | छैटै | २३५८५ | काभ्रे | छैटै | ३०००२ |
| ७ | काभ्रे | सातौं | २३२३० | मोरङ | सातौं | २७१८३ |
| ८ | सुनसरी | आठौं | १९७४८ | सुनसरी | आठौं | २३२३० |
| ९ | बारा | नवौं | १७३६१ | कास्की | नवौं | १५८८२ |
| १० | कास्की | दशौं | १५४१४ | सिराहा | दशौं | १४४५४ |
| | **१० जिल्लाको जम्मा** | | २८४१३६ | | | २८३५९८ |

कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत आ.व. २०७१/०७२ मा सम्पन्न भएका ४८७९१० को ५८% गर्भाधान प्रतिशतलाई मान्दा २८२९८७ जनावर जन्मिने र बाच्छीको हिसाब गर्दा जम्मा १४१४९३ बाच्छी जन्मिएको अनुमान गरिएको छ। बाच्छीको १०% मृत्यूदरलाई हिसाब गर्दा जम्मा १२७३४४ बाच्छी/पाडीहरु बथानमा थपिएको अनुमान गरिएको छ भने आ.व. २०७२/०७३ मा सम्पन्न गरिएको ४८९३५९ बाट जम्मा १२७७२३ बर्णशंकर बाच्छी/पाडीहरु बथानमा थपिने अनुमान गरिएको छ।

यसरी आ.व. २०७१/०७२ मा गरिएको कृत्रिम गर्भाधानबाट बाच्छी/पाडीहरु आ.व. २०७५/०७६ मा दुधालु जनावरको बथानमा थपिने छन् भने आ.व. २०७२/०७३ मा गरिएको कृत्रिम गर्भाधानबाट जन्मिएका बाच्छी/पाडीहरु आ.व.२०७६/०७७ मा दुधालु जनावरको बथानमा थपिने छन्। औषत कृत्रिम गर्भाधारण दर तपशिल वमोजिम दिइएको छ ।




## ३.५.१ पशु विकास फार्महरुवाट वितरण गरिएको प्रगति विवरण

| क्र. सं. | विवरण | संख्या | वितरण गरिएको श्रोत | कैफियत |
|---|---|---|---|---|
| १ | राँगो | ६८ | पशु विकास फार्म पोखराबाटः २८<br>केन्द्रिय गाइभैंसी प्रवर्द्धन कार्यालयले स्रोतकेन्द्रबाटः ३८ | |
| २ | साँढे | ५० | पशु विकास फार्म जिरीबाटः १५<br>केन्द्रिय गाइभैंसी प्रवर्द्धन कार्यालयले स्रोतकेन्द्रबाटः ३२ | |
| ३ | थुमा | ७६ | पशु विकास फार्म पोखराः ६६<br>भेडा विकास फार्म पानसयखोलाः १० | |
| ४ | बंगुरका पाठापाठी | ८४१ | पशु विकास फार्म पोखराबाटः ६८७<br>पशु विकास फार्म जिरीबाटः १५४ | |
| ५ | बाखाका पाठापाठी | ४०४ | बाखा विकास फार्म चित्लाङबाटः ४८<br>बाखा विकास फार्म बुढीतोलाबाटः १२२<br>केन्द्रिय भेडाबाखा प्रवर्द्धन कार्यालयबाटः २३४ | |
| ६ | याक/नाक | ६ | याक विकास फार्म स्याङ्वोचेबाटः ६ | |
| ७ | कुखुराका चल्ला | २१३५८० | पशु विकास फार्म पोखराबाटः ११८२००<br>कुखुरा विकास फार्म खजुराबाटः ९५३८० | |

## ३.५.२ व्यवसायिक बाख्रा फार्म सुदृढिकरण तथा बाख्रामा जातीय सुधार कार्यक्रम

कार्यक्रम सञ्चालन भएका ओखलढुङ्गा, महोत्तरी, पर्वत, नुवाकोट, गोरखा, तनहूँ, कास्की, चितवन, डोटी र जाजरकोट जिल्लाहरुमा व्यवसायिक बाख्रा फार्म सुदृढिकरण तथा बाख्रामा जातीय सुधार कार्यक्रम सचालनमा छन् ।

प्रतिफलः

- व्यवसायिक फार्ममा प्रजनन् बोका वितरण ५० वटाः १५४५ वटा बाख्रामा प्राकृतिक गर्भाधान भई नश्ल सुधारिएका १२४० पाठापाठी उत्पादन भई सकेको र अन्य पाठापाठीहरु उत्पादनको क्रममा रहेको ।
- ७ वटा व्यवसायिक फार्महरुमा उच्च उत्पादन क्षमता भएका बोयर, सानन्, जमुनापारी तथा बारबरी जातका बोकाको सिमेन प्रयोग गरी ५१२ बाख्रामा कृत्रिम गर्भाधान भएको ३२० उन्नत पाठापाठी उत्पादन भएको अरु उत्पादन हुने अबस्थामा रहेको ।
- ब्यवसायिक फार्ममा माउ बाख्राको संख्याः ६७२१
- ब्यवसायिक फार्ममा जम्मा बाख्राको संख्याः ९४०५
  - ✓ पाठापाठी उत्पादन ६४५०
  - ✓ खसी उत्पादन २२६२
  - ✓ मासु उत्पादन ६७.८६ मे.ट.

## ३.५.३ फरेज मिसन कार्यक्रमः

पशु आहार विकास राष्ट्रिय अभियान (फरेज मिसन) कार्यक्रम अन्तरगत लगाइएका विभिन्न जातका घाँस तथा क्षेत्रफल निम्नानुसार रहेको छ।

| सि नं | विवरण | घाँसको प्रकार | लगाएको क्षेत्रफल (हेक्टर) |
|---|---|---|---|
| १ | हिउँदे घाँस | जै, वर्षिम, भेच | ५४१० |
| २ | वर्षे घाँस | टियोसेन्टी, बाजरा, सुडान | ३१५५ |
| ३ | वहुवर्षे घाँस | नेपियर, मुलाटो, पास्पालम, सेटेरिया | १७४० |
| ४ | डालेघाँस | इपिल–इपिल, वडहर, राईखनियो आदि | १११० |
| | **जम्मा** | | **११४१५** |

प्रतिफल

- जम्मा११,४१५ हेक्टरमा घाँसखेती गरी ६,८४,९०० मे.टन थप हरियो घाँस उत्पादन भएको छ जसबाट १,३६,९८० मे.टन सुक्खा पदार्थ उत्पादन भई पशु आहारामा अपूर्ति भएको छ। यसबाट १,७१,३१२ मे.टन थप दुध उत्पादन हुनमा सहयोग पुगेको छ।
- यसैगरी कार्यक्रमबाट लाभान्वित ८९,१६४ भेडाबाख्राहरुबाट ६०१.५ मे.टन थप मासु उत्पादन भएकोछ।
- बीउ उत्पादनका लागि कन्ट्र्याक्ट फार्मिङ गरी २२५ मे.टन हिउँदे (जै र वर्षिम) र १५० मे.टन वर्षे (टियोसेन्टी) गरी जम्मा ३७५ मे.टन घाँसको विउ उत्पादन भएको छ।

## ३.५.४ कवुलियती वन तथा पशु विकास कार्यक्रम

कवुलियती वन तथा पशु विकास कार्यक्रम अन्तर्गत १० जिल्लाहरु (ओखलढुंगा, खोटाङ्ग, रामेछाप, सिन्धुली, मकवानपुर, धादिङ्ग, गोरखा, तनहुँ, सल्यान र डोटी) मा कार्यक्रम सञ्चालन गरी निम्नानुसारको उपलब्धी हासिल गरिएको छः

- ७ जिल्ला (रामेछाप, सिन्धुली, मकवानपुर, धादिङ, गोरखा, तनहुँ र सल्यान) मा १५ जना ग्रामिण पशु स्वास्थ्य कार्यकर्तालाई पुनर्ताजगी तालिम दिइएको छ। जसबाट ५४,७५० पशुहरुमा पशु व्यवस्थापन तथा स्वास्थ्य सम्बन्धि सेवा पुगेको छ।
- ९ जिल्ला (ओखलढुंगा, खोटाङ, रामेछाप, सिन्धुली, मकवानपुर, धादिङ, गोरखा, तनहुँ र सल्यान) का कवुलियती वन समुहका ४४ जना सदस्यहरुले जलवायू परिवर्तन सम्बन्धि तालिममा भाग लिई सहजीकरण सम्बन्धि सीप र क्षमतामा विकास भएको छ। लगभग ११ हेक्टर क्षेत्रफलमा घाँस डालेघाँस तथा अन्य प्रजातिका विरुवाहरु रोपण गरी वातावरणमा सुधार ल्याइएको छ।
- सबै १० जिल्लाका करिव १५००० वोका, बाख्रा तथा पाठापाठीहरुमा खोप तथा परजिवी नियन्त्रण सेवा उपलब्ध गराइएको छ। जसबाट कम्तिमा २० प्रतिसत रोगको प्रकोपबाट बचावट भई ३० मे.टन मासु उत्पादनमा बृद्धि भएको छ। सबै १० जिल्लाका कवुलियती वन समुहमा २०० उन्नत वोका प्रजनन् को लागि वितरण गरी ८००० बाख्राहरुको नश्ल सुधार भएको छ।

### ३.५.५ राष्ट्रिय चरन तथा पशु आहारा केन्द्रको अन्य कार्यक्रमहरुबाट हासिल भएका उपलब्धीहरु

- चरन तथा पशु आहारा व्यवस्थापन र गुणस्तरीय वीउ उत्पादन तालिममा २२ जिल्लाहरुबाट १२ जना महिला र ३८ जना पुरुष गरी जम्मा ५० जना कृषकहरुको सीप र क्षमतामा अभिबृद्धि भएको।
- विभिन्न ९ जिल्लामा १२ वटा च्याफकटर र ९ वटा UMMB बनाउने मेसिन वितरण तथा सिंचाई सामग्री वितरण गरिएको ।
- सामुदायिक वन/मध्यवर्ती/साझेदारी वनमा घाँस विकास कार्यक्रम अन्तर्गत भक्तपुर, काभ्रे, कपिलवस्तु र दाङ जिल्लामा ८० हेक्टर क्षेत्रफलमा वहुवर्षिय घाँस (स्टाइलो, मोलासेस, नेपियर आदि) लगाइएको छ । जसबाट ३२० मे.टन थप सुक्खा पदार्थको आपूर्ति हुनेछ।
- विभिन्न ९ जिल्लाहरुका व्यवसायिक पशुपालक कृषकहरुद्वारा २० वटा साइलोपिट निर्माण भएको छ । जसबाट आ.व. २०७३/०७४ मा २० वटा व्यवसायिक फार्महरुमा करिव ३०० मे.टन साइलेजको उपलब्ध भई बाह्रै महिना हरियो घाँस आपूर्तिमा सहयोग पुग्नेछ।
- विभिन्न ९ जिल्लाहरुमा ९ वटा डालेघाँस तथा वहुवर्षिय घाँसको नर्सरी स्थापना भई करिव २ लाख ५० हजार विरुवाहरु उत्पादन हुने अपेक्षा गरिएको छ।

### ३.५.६ दुध उत्पादन लक्षित कार्यक्रम

*३.५.६.१ यूवा लक्षित व्यवसायिक गाइभैंसीपालन कार्यक्रमः*

- आ.व. २०७२/०७३ मा ३१० साना, ५० मझौला र १० ठूला गरी जम्मा ३७० फार्महरुलाई अनुदान रकम उपलब्ध गराईएको छ । जसबाट १६,४२५ मे.टन थप दुध र २,२५० यूवाहरुलाई प्रत्यक्ष रोजगारी सिर्जना भएको छ।
- ११ जिल्लाहरुमा ४१ वटा मिल्किङ मेसिन उपलब्ध गराइएको छ, जसबाट कम्तिमा थप ३,००० मे.टन स्वच्छ र सफा दुध उत्पादन हुने अनुमान गरिएको छ।
- उच्च ब्रिडिङ भ्यालु भएका राँगोहरु राष्ट्रिय पशु प्रजनन् केन्द्र पोखरामा ८, पशु प्रजनन् केन्द्र लाहानमा ३ र पशु विकास फार्म पोखरामा २ गरी १३ गोटा वितरण

भएका छन्। यो कार्यक्रमबाट पशु विकास फार्म पोखराको भैंसीको न्यूक्लियस हर्डको उत्पादकत्वमा बृद्धि हुने तथा कृत्रिम गर्भाधानको लागि वीर्य उत्पादनमा प्रयोग गरिने ११ वटा राँगाहरुबाट उत्पादित वीर्यलाई प्रशोधन गरी आ.व.२०७३/०७४ देखि कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालित सबै जिल्लाहरुमा वितरण गर्दा भैंसीहरुको उत्पादकत्वमा बृद्धि हुनुका साथै हाडनातामा प्रजनन् हुनबाट पशुहरुलाई जोगाइने छ।

- केन्द्रीय गाई भैंसी प्रवर्द्धन कार्यालयद्वारा २३ जिल्लाहरुमा ३८ राँगो र ३२ साँढे गरी जम्मा ७० राँगो साँढे वितरण भएको छ।
- यस आ.व. को कूल ४ लाख ८९ हजार कृत्रिम गर्भाधानबाट १ लाख २७ हजार ७२३ थप बाच्छीपाडीहरु जन्मी आगामी ३ वर्षमा थप १ लाख ६५ हजार मे.टन थप दुध उत्पादन हुने।

## ३.५.७ मासु उत्पादन कार्यक्रम

### *३.५.७.१ बंगुर मिसन कार्यक्रमः*

यस कार्यक्रम १० जिल्ला (झापा, सुनसरी, काभ्रे, चितवन, तनहुँ, कास्की, बाँके, बर्दिया, दाङ्ग र कैलाली) हरुमा १० वटा मल्टिप्लिकेसन फार्म तथा ५० वटा बंगुरका पाठापाठी उत्पादन फार्म (६० फार्म/६० परिवार) सञ्चालनमा रहेको छ। यस कार्यक्रमबाट ६४०० पाठापाठी उत्पादन भई ४४८ मे.टन थप मासु उत्पादन भएको अनुमान छ। साथै यस कार्यक्रमबाट १२० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्।

### *३.५.७.२ यूवा लक्षित वंगुर कार्यक्रमः*

यस कार्यक्रम २० जिल्ला (ताप्लेजुङ्ग, भोजपुर, धनकुटा, पाँचथर, इलाम, सोलुखुम्बु, ओखलढुंगा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, ललितपुर, नुवाकोट, धादिङ्ग, रसुवा, भक्तपुर, दोलखा, मकवानपुर, काठमाण्डौ, स्याङ्गजा र गोरखा) हरुमा कार्यक्रम सञ्चालन गरी जम्मा १०२ व्यवसायिक फार्महरुलाई अनुदान उपलब्ध गराइएको छ। जसबाट जम्मा १०२ परिवारका जम्मा १०२ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन्। त्यसैगरी ११४२४ पाठापाठी उत्पादन भएका छन् भने १६३.२ मे.ट. थप मासु उत्पादन भएको छ।

*३.५.७.३ यूवा लक्षित व्यवसायिक बाख्रापालन कार्यक्रमः*

आ. व. २०७२।७३ मा जम्मा ६२ जिल्लाका १६० वटा व्यवसायिक बाख्रा फार्महरुको स्तरोन्नति हुनुका साथै थप ३०० जना युवा व्यवसायीहरुले रोजगारीको अवसर प्राप्त गरेका छन्।कार्यक्रमवाट ७५४० पाठा पाठीहरु उत्पादनवाट ३३६० खसी वोका उत्पादन भई थप १०० मेट्रिक टन मासु उत्पादन हुने।

*३.५.७.४ सहकारी वंगुर विकास कार्यक्रमः*

यो कार्यक्रम ३० जिल्लामा (ताप्लेजुङ्ग, भोजपुर, सुनसरी, धनकुटा, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, ललितपुर, बारा, नुवाकोट, पर्सा, स्याङ्गजा, तनहुँ, कास्की, गोरखा, पाल्पा, बाग्लुङ्ग, पर्वत, म्याग्दी, रुपन्देही, नवलपरासी, गुल्मी, कपिलवस्तु, सुर्खेत, बाँके, बर्दिया, दाङ्ग, कञ्चनपुर, कैलाली र डडेलधुरा) सञ्चालन भई ३८ वटा वंगुरका सहकारीहरुबाट ११४० परिवारमध्येबाट ७६ जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने १०६४ परिवार अप्रत्यक्ष रुपमा लाभान्वित भएका छन्।यस कार्यक्रमबाट कूल १५२०० पाठापाठी जन्मी १०६४ मे.ट. थप मासु उत्पादन भएको छ ।

*३.५.७.५ सहकारी कुखुरा विकास कार्यक्रमः*

यस कार्यक्रम १० जिल्लाहरुमा (सिन्धुपाल्चोक, बारा, स्याङ्गजा, गोरखा, पाल्पा, बाग्लुङ्ग, पर्वत, सुर्खेत, कञ्चनपुर र डडेलधुरा) सञ्चालन भई १० वटा कुखुराका सहकारीहरुबाट ३०० परिवारमध्येबाट २० जनाले प्रत्यक्ष रोजगारी प्राप्त गरेका छन् भने बाँकी २८० परिवार अप्रत्यक्ष रुपमा लाभान्वित भएका छन् । १० सहकारीमा प्रति सहकारी १००० का दरले जम्मा १०००० चल्ला उपलब्ध गराउने कार्यक्रमबाट १० प्रतिसत मृत्यूदरलाई समेत हिसाब गर्दा कूल ९००० कुखुराबाट कूल १८ मे.ट. मासु तथा ४५०० कुखुराबाट कूल ८५५००० वटा अण्डा उत्पादन भएका छन् ।

*३.५.७.६ मासुको लागि पाडापालन कार्यक्रमः*

यो कार्यक्रम २९ जिल्लाका ४२ प्याकेजमा सञ्चानलन भई २०५० पाडाहरु हुर्काउने कार्य भएको छ । ६०% ड्रेसिङ प्रतिसतका आधारमा यो कार्यक्रमबाट २४० मे.टन थप मासु उत्पादन भएको छ । यसबाट ८४ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् ।

### *३.५.७.७ सामुदायिक बाख्रा स्रोतकेन्द्र विकास (गोट मिसन) कार्यक्रमः*

यो कार्यक्रम धनकुटा, उदयपुर, सिन्धुपाल्चोक, सर्लाही, धादिङ्ग, स्याङ्गजा, अर्घाखाँची, गुल्मी, बाँके र डडेलधुरा जिल्लाहरुमा संचालनमा रहेको छ।

- यसरी सन्चालनमा रहेका १० जिल्लाका १० वटा सामुदायिक बाख्रा श्रोत केन्द्रमा ३०० वटा प्रजनन् योग्य बोका वितरणवाट ९०९० वटा बाख्रामा प्राकृतिक गर्भाधान भई नश्ल सुधारिएका ३६०० पाठापाठी उत्पादन भइ सकेको र अन्य पाठापाठीहरु उत्पादनको क्रममा रहेको ।
- उपरोक्त १० वटा मध्ये ७ वटा श्रोत केन्द्रमा उच्च उत्पादन क्षमता भएका बोयर, सानन, जमुनापारी तथा बारबरी जातका बोकाको सिमेन प्रयोग गरी ८२८ बाख्रामा कृत्रिम गर्भाधान भएको २६१ उन्नत पाठापाठी उत्पादन भएको अरु उत्पादन हुने अबस्थामा रहेको छ। १५० मे.ट. मासु उत्पादनमा थप भएको छ ।

### *३.५.७.८ पशु विकास फार्महरु (ब.सि.नं. ३१२१२८ ३/४)*

पशु विकास फार्महरुको कार्यक्रममा कुल बजेट (रु.हजारमा) २२५३३४ मध्ये भारित प्रगति ९२.१६ प्रतिशत र वित्तिय प्रगति ७९.५८ प्रतिशत रहेको छ। पशुपन्छी विकास मन्त्रालय अन्तरगत ११ बटा फार्म केन्द्रहरु रहेका छन्। यी फार्म केन्द्रहरु मध्ये ३ बटा चरन फार्महरु (जनकपुर, धनुषा, रञ्जितपुर, सर्लाही र गौधाट, बाँके), १ गाई फार्म (जिरी, दोलखा), २ बटा बाख्रा फार्म (चित्लाङ्ग, मकवानपुर र बुढीतोला, कैलाली), १ बटा भेंडा फार्म (पानसयखोला, नुवाकोट), १ याक फार्म (स्याङ्गवोचे, सोलुखुम्वु), १ बटा भैसी, भेडा, बंगुर, कुखुरा, चरन सहित बहुविधामा कार्य गर्ने (लामपाटन, कास्की), १ वटा कुखुरा फार्म (खजुरा, बाँके) र राइजोवियम प्रयोगशाला, जनकपुर रहेका छन्। यी फार्म केन्द्रहरुबाट उन्नत नश्लका पाठापाठी, पाडापाडी, बाच्छाबाच्छी, कुखुराको चल्ला, घाँसको वीउ वेर्ना, इनोकुलम उत्पादन भइ जिल्लाहरुमा कृषकहरुलाइ वितरण गरिन्छ। यसका साथै फार्महरुले वाह्य कार्यक्रमको रुपमा ब्रिडर कृषक समुहहरुमा उन्नत नश्लका पशु, घाँसका बीउ, वेर्ना उत्पादन गरी प्रसार कार्यक्रम मार्फत कृषकहरु समक्ष पुऱ्याउन र व्यवहारिक तालिम संचालन गर्ने स्थल (भेन्यू)को रुपमा भूमिका रहदै आएकोछ। स्पष्ट कार्ययोजना सहित यी फार्महरुमा नवीन प्रविधि भित्र्याइ आधुनिकरण गरिनु अत्यावश्यक देखिएकोछ ।

# ३.६ पशु स्वास्थ्य कार्यक्रम (ब.सि.नं. ३१२१२५ ३/४)

पशु स्वास्थ्य कार्यक्रमको कुल बजेट (रु.हजारमा) ३९१४०७ रहेकोमा वार्षिक भारित प्रगति ९५.४ प्रतिशत र वित्तिय प्रगति ८७.० प्रतिशत रहन गएको छ।

- पशु स्वास्थ्य कार्यक्रम अन्तरगत राष्ट्रिय रोग नियन्त्रण कार्यक्रम, पशुपन्छीको खोप उत्पादन, पशु रोग अन्वेषण सेवा, पशुपन्छीको रोगहरुको सर्भिलेनस तथा इपिडिमियोलोजिकल रिपोटिङ्ग, क्वारेन्टाइन व्यवस्थापन र पशु स्वास्थ्य नियमन कार्यक्रमहरु संचालन गरिएका थिए। राष्ट्रिय रोग नियन्त्रण कार्यक्रम अन्तरगत पि.पि.आर खोप (३५ लाख भेडा बाख्रामा लगाइएको), स्वाइन फिभर खोप (३ लाख सुगुर बंगुरमा), रानीखेत विरुद्धको खोप (५ लाख कुखुरामा) र खोरेत रोग विरुद्ध खोप (१२ लाख गाइभैंसीमा) र भ्यागुते, चरचरे रोग नियन्त्रणका लागि ३ लाख ५० हजार पशुमा खोप लगाउने कार्यक्रम संचालन गरिएका थिए।



- क्वारेन्टाइन व्यवस्थापन अन्तरगत पशुपन्छी, खोपको आयात निर्यातको तथ्यांक अध्यावधिक गर्ने, पशु उत्पादन सामाग्री तथा पशुजन्य पदार्थहरुको क्वारेन्टाइन जाँच तथा प्रमाण पत्र जारी गर्ने, अवैध बस्तु जफत गरी नष्ट गर्ने कार्यहरु सम्पन्न भएका छन। बर्षभरीमा ८ बटा क्वारेन्टाइन कार्यालय र मातहतका चेकपोष्टहरुबाट एक दिने चल्ला १४३२५७ गोटा, ब्रोइलर कुखुरा २९७१८ गोटा र अण्डा ६२८३ गोटा नष्ट गरिएको थियो। त्यसै गरी रोग अन्वेषण सेवा अन्तरगत केन्द्रिय पशु रोग निदान प्रयोगशाला र अन्तरगतका क्षेत्रीय पशु रोग अन्वेषण प्रयोगशालाहरु, राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशालाबाट ४५१४८ वटा विभिन्न नमुनाको प्रयोगशाला परिक्षण गरी रिपोर्ट उपलव्ध गराइएको थियो। रोग नियन्त्रण कार्यक्रम अन्तरगत सिरोसर्भिलेन्सबाट प्राप्त नमुनाको परिक्षण गर्ने कार्य पनि सम्पन्न गरिएका थिए।

- पशु स्वास्थ्य नियमन कार्यक्रम अन्तरगत व्यवसायिक फार्म, ह्याचरी, औषधि पसल, मासु पसल, पशु बधस्थल, बधशालाको अनुगमन गर्ने कार्य सम्पन्न गरी पशु स्वास्थ्य तथा पशु सेवा ऐनको प्रावधान अनुरुप कार्यबाहि गर्ने कार्यहरु गरिएको थियो। देशभर सबै जिल्लाहरुमा बर्षभरीमा जम्मा २२५ पटक तोकिएका भेटेरिनरी निरिक्षकहरुबाट अनुगमन गरिएको थियो।

### ३.६.१ पशु स्वास्थ्य तर्फ भएका मुख्य मुख्य कार्यहरु

| सि नं | कार्यक्रम | इकाई | लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| १ | रेबिज बिरुद्ध खोप उत्पादन | संख्या | ४०००० | ३५१०० |
| २ | अन्य बिभिन्न खोप उत्पादन | संख्या | २२५९३००० | २५८०४००० |
| ३ | पशु खोप गुणस्तर परिक्षण | संख्या | ३०० | ३१६ |
| ४ | पि.पि.आर.रोग नि खोप व्यवस्थापन | संख्या | ३५००००० | ३५००००० |
| ५ | खोरेत रोग नियन्त्रण खोप व्यवस्थापन | संख्या | १२००००० | १२००००० |
| ६ | स्वाइन फिवर रोग नियन्त्रण खोप व्यवस्थापन | संख्या | ३००००० | ३००००० |
| ७ | क्वारेन्टाइन जाच | संख्या | ४०२०० | ३६६१४ |
| ८ | पशु स्वास्थ्य नियमन अन्तरगत अनुगमन | पटक | २२५ | २२५ |

## ३.६.२ भेटेरिनरी जनस्वास्थ्य कार्यक्रमः

- जुनोटिक रोग तथा स्वच्छ मासु उत्पादनका विषयमा प्रचार प्रसार कार्यक्रम अन्तरगत एफ एम, टि भि, पत्रपत्रिका आदि संचारका विभिन्न माध्यम साथै फ्लेक्स प्रिन्ट वितरण गरी जनचेतना अभिबृद्धि गरिएको।
- मासु पसल, वधशाला तथा वधस्थलहरुको अनुगमन कार्यक्रम अन्तरगत उपत्यका भित्रका मुख्य वधस्थल तथा मासु पसल र बाहिर समेत गरी ५४ पटक अनुगमनवाट मापदण्ड पालना गर्ने तर्फ क्रमिक सुधार हुँदै आएको।

- पारासाईटिक जुनोटिक रोगहरुको सर्भिलेन्स प्लान तयार पार्ने कार्यक्रम अन्तरगतमासु सम्बन्धि ३ वटा पारासाईटिक जुनोटिक रोगहरु: सिस्टिसर्कोसिस, हाईडाटिडोसिस र टक्सोप्लाज्मोसिसको सर्भसलेन्स प्लान तयार भएको।
- स्वच्छ तथा स्वस्थ्य मासु र दुधको सप्ताहव्यापी अभियानका क्रममा संकलित दुध र मासुका नमुनाहरुमा (दुधको नमुना ३६, मासुको नमुना ११९)माईक्रोवियल लोड र एन्टिवायोटिक रेसिडयू परिक्षण गरिएको।
- स्वच्छ मासु उत्पादन, ढुवानी, विक्री वितरण र उपभोगका विषयमा जनचेतना अन्तरक्रिया कार्यक्रम अन्तरगत स्थानीय स्तरका मासु व्यवसायी तथा विभिन्न सरोकारवालाहरुको सहभागितामा विराटनगर, काठमाण्डौ र नेपालगञ्ज गरी ३ स्थानमा वधशाला र मासु जाँच ऐन नियम कार्यान्वयन सम्बन्धि अन्तरक्रिया सम्पन्न भएको।

## ३.६.३ पशुसेवा घुम्तीकोष परिचालनको अवस्था

### *३.६.३.१ लगानीको प्रभाव:*

पशु स्वास्थ्य सेवामा रहेका निजी क्षेत्रका मध्यमस्तरीय प्राविधिक एवं निम्नस्तरीय प्राविधिक जनशक्तिको सिपलाई परिस्कृत गरी थप आर्यआर्जनमा टेवा पुऱ्याउन यो कोष उपयोगी सिद्ध भएको छ। यस कार्यक्रम मार्फत आंशिक रोजगारी उपलब्ध हुनका साथै पशुपालक किसानहरुलाई आफ्ना पशुबस्तुको प्राथमिक उपचार गरी स्वस्थकर पशु र पशुजन्य पदार्थको उत्पादनमा वृद्धि हासिल हुन मद्दत पुगेको छ।

### *३.६.७.२पशु सेवा घुम्तीकोष परिचालन अवस्था*

पशु सेवा घुम्तीकोष परिचालन अन्तरगत हालसम्म २८८८ जना ग्रामिण पशु स्वास्थ्य कार्यकर्ता हरुलाई कुल जम्मा रु ४ करोड ५७ लाख ५६ हजार निर्ब्याजी ऋण लगानी भएकोमा हाल सम्म रु. २ करोड ५७ लाख ८४ हजार असुली भई १ करोड ९९ लाख ७२ हजार असुलीको क्रममा रहेको छ।

# ३.७ पशुपन्छी बजार प्रवर्धन कार्यक्रम (ब.सि.नं. ३१२१२७)



कुल बजेट (रु. हजारमा) २२५०४९ मध्ये भारित प्रगति ९१.६ प्रतिशत र वित्तिय प्रगति ७१.४८ प्रतिशत रहेको छ ।

पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालयबाट आ.व. २०७२/७३ मा साझेदारी कार्यक्रम अन्तरगत मुख्य रुपमा पशु बधस्थल निर्माण तथा सुधार, पशु बद्यशाला निर्माण, पशु हाटबजार सुधार, मासु चिस्याउन कोल्ड स्टोर निर्माण जस्ता कार्यक्रमहरु संचालन गरिएको थियो। पशुपन्छी बजार प्रबर्द्धन सम्वन्धि कार्यक्रम सो निर्देशनालय, क्षेत्रीय निर्देशनालयहरु र जिल्ला पशु सेवा कार्यालयहरुबाट संचालन गर्ने व्यवस्था मिलाइएको छ। कुल बजेट रु. २२ करोड ५२ लाख मध्ये ९४ प्रतिशत कार्यक्रम बजेट रहेको र कार्यालय संचालनमा करिव ६ प्रतिशत मात्र विनियोजन गरिएकोमा कार्यक्रम बजेटको करिव ९८ प्रतिशत पुँजीगत प्रकृतिका कार्यक्रमहरुमा छुट्याइएको थियो। पशुपन्छी बजार प्रबर्द्धनका कार्यक्रमहरु बाट मन्त्रालयको प्रतिबद्धतामा उल्लेखित २ बटा अभियानहरु (गोठ देखि ओंठसम्म स्वच्छ दुध र बधशाला देखि भान्सासम्म स्वच्छ तथा स्वस्थ मासु) मा योगदान पुग्ने देखिन्छ।

पशु बधस्थल निर्माण तथा सुधार अन्तरगत काठमाण्डौं, भक्तपुर, काभ्रे, रौतहट, झापा, सुनसरी, बाग्लुङ्ग र कैलाली जिल्लाहरुमा १८ बटा पशु बधस्थलहरुको निर्माण तथा सुधार कार्य सम्पन्न भएकोछ। त्यस्तै सिन्धुली, भक्तपुर र चितवनमा एक एक बटा मासुजन्य व्यवसाय प्रबर्द्धन गरिएका छन भने छ बटा मासु चिस्यान घर रुपन्देहि, नवलपरासी, कपिलबस्तु, धादिङ्ग, बाँके, झापा जिल्लाहरुमा निर्माण गरिएका छन।

### ३.७.१ पशुपन्छी बजार प्रबर्द्धन निर्देशनालयबाट साझेदारीमा सम्पन्न मुख्य कार्यक्रमको विवरण

| क्र.सं. | विवरण | लक्ष | प्रगति |
|---|---|---|---|
| १ | बजार सुचना संकलन तथा व्यवस्थापन | १२ पटकमा | १२ |
| २ | बजार बुलेटीन प्रकाशन | १२ पटकमा | १२ |
| ३ | पशुजन्य व्यवशाय प्रबर्द्धन समिति बैठक | ९ पटकमा | ४ |
| ४ | साझेदारीमा पशुबधशाला/बधस्थल प्रबर्द्धन | २५ संख्या | १८ |
| ५ | मासु चिस्यान घर स्थापना | ५ पटकमा | ५ |
| ६ | मासु ढुवानीको लागि रेफ्रिजेरेटर भ्यान | २ संख्या | २ |
| ७ | पशु संकलन केन्द्र स्थापना | ५ संख्या | ४ |
| ८ | साना डेरी प्रबर्द्धन | ५ संख्या | ५ |
| ९ | माशुजन्य उद्योग प्रबर्द्धन | ३ संख्या | ३ |
| १० | युवा लक्षित बजार प्रबर्द्धन कार्यक्रम | ३२० संख्या | ३०३ |

## ३.८ पशु सेवा प्रसार कार्यक्रम (ब.सि.नं. ३१२८०३)

कुल बजेट (रु.हजारमा) २११८२६७ मध्ये भारित प्रगति ९०.१ प्रतिशत प्रतिशत रहेको छ।

पशु सेवा प्रसार कार्यक्रम निक्षेपित कार्यक्रमको रुपमा ७५ जिल्लामा संचालनमा छ। यस कार्यक्रम अन्तरगत पशु उपचार, पशुस्वास्थ्य शिविर संचालन, परजिवी नियन्त्रण, प्रजननका लागि रागो साँढे, बोका वितरण, डुवेल परपस जातका कुखुराका चल्ला वितरण, गाईभैंसीमा कृत्रिम गर्भाधान कार्यक्रम र पशु आहार सुधारकालागि घाँस, डालेघास लगाउने र कृषकहरुलाई सेवा केन्द्रस्तर र जिल्लास्तर पशुपन्छीको पालन व्यवस्थापन सम्वन्धि तालिम प्रदान गर्ने, व्यवसायिक फार्महरु दर्ता गर्ने जस्ता कृयाकलापहरु संचालन गरिएका थिए।

आ.व. २०७२/७३ मा पशु सेवा निक्षेपित कार्यक्रम अन्तरगत पशु स्वास्थ्य संरक्षण गर्न देशभर ४३ लाख १२ हजार पशुपन्छीमा खोप सेवा, २६ लाख ९ हजार पशुपन्छीको उपचार, ५ लाख ४९ हजार प्रयोगशाला जाँच सेवा र २२५ बटा पशुस्वास्थ्य शिविर

संचालन गरिएको थियो। त्यस्तै पशु नश्ल सुधारकालागि कृत्रिम गर्भाधान, ६४९७ बटा उन्नत पशु वितरण, ८१२२८ वटा डुवेल परपस जात (न्यूह्याम्पशायर, अष्ट्रोलोप) का कुखुराका चल्ला वितरण भएको थियो।

## ३.९ कर्णाली अञ्चल पशु विकास कार्यक्रम (ब.सि.नं. ३१२८०१)

कुल बजेट (रु.हजारमा) २२४०० रहेकोमा कर्णाली अञ्चलका पाँच जिल्लाहरुमा पशु पालनमा संलग्न कृषकहरुलाई पशु उपचार, पशु आहारको अवस्थामा सुधार गर्न चरन खर्कहरुको व्यवस्थापन तथा उन्नत पशु पालन सम्वन्धि विषयमा प्रशिक्षण प्रदान गर्ने लगायतका कार्यक्रमहरु संचालन गरिएको थियो। विगत लामो समय देखि कार्यक्रम संचालन गरिएतापनि कार्यक्रमको सिमितताका कारण यस कार्यक्रमबाट उल्लेख्य योगदान पुगेको अनुभुति स्वयम् कार्यक्रम संचालन गर्नेहरुले समेत गर्न नसकेको विषयलाइ मध्यनजर गरी चालु आ.व.मा कर्णाली अञ्चल पशु विकास कार्यक्रमकालागि बजेट बृद्धि गरी सुधारको थालनी गरिएकोछ।

आ.व. २०७२/७३ मा कर्णाली अञ्चल पशु विकास कार्यक्रम अन्तरगत भेंडा पालन प्याकेज र बाख्रा पालन प्याकेज कार्यक्रम संचालन गरिएको थियो। भेडा बिकास प्याकेज अन्तरगत १०० बटा भेंडी बितरण, ५ बटा थुमा वितरण, आन्तरिक परजिवि नियन्त्रणकालागि बर्षभरीमा २ पटक जुकाको औषधि खुवाउने र कृषकहरुलाई स्थलगत भेंडा पालन तालिम प्रदान गरिएको थियो। त्यसै गरी बाख्रा बिकास प्याकेज अन्तरगत १५० बटा बाखी र १० वटा बोका बितरण, ४ महिनाको अन्तरालमा ३ पटक आन्तरिक परजिवी नियन्त्रण र कृषकहरुलाइ स्थलगत बाख्रा पालन तालिम प्रदान गरिएको थियो। यसका अतिरिक्त प्रजनन् का लागि कृषकहरुलाई १५ वटा थुमा, २१ वटा बोका, २ वटा राँगो, १० वटा बंगुर र ७ वटा याक वितरण गरिएका थिए।

## ३.१० नेपाल व्यापार एकिकृत रणनीति (Nepal Trade Intigration Strategy) कार्यक्रम (ब.सि.नं. ३१२१६२(३/४)

- कुल बजेट (रु.हजारमा) ४५१८ मध्ये भारित प्रगति १०० प्रतिशत र वित्तिय प्रगति ९६ प्रतिशत रहेको छ।

- निर्यात व्यापारलाई प्रतिस्पर्धि बनाउने, उत्पादनको विकास गर्ने, निर्यात प्रवर्द्धन गर्ने र व्यापारमा सघाउने लक्ष्य राखी "नेपाल व्यापार एकिकृत रणनीति (NTIS 2010)" सञ्चालनमा रहेकोमा सोहि अनुसार NTIS 2010 ले १९ वटा संभाब्य निर्यात योग्य बस्तुहरु पहिचान गरेको मध्ये ७ वटा कृषिवस्तुहरु (ऊन, पश्मिना, चिया, अलैंची, मह, अदुवा र दाल) छन् जस मध्ये पशु सेवा विभाग, केन्द्रिय भेडा बाख्रा प्रवर्द्धन कार्यालय हरिहरभवन द्वारा **ऊन र पश्मिना** को प्रवर्द्धन गर्ने उद्येश्य अनुरुप आ.व. २०७०/०७१ देखी **कार्पेट ऊन उत्पादनका लागि भेडा विकासकार्यक्रम** र **पश्मिना उत्पादनका लागि च्यांग्रा** प्रवर्द्धन कार्यक्रम संचालनमा ल्याएको छ।

**आ. व. २०७२/०७३ मा यस कार्यक्रमबाट निम्नानुसारका उपलब्धिहरु हासिल भएका छन् ।**

- न्यूजिल्याण्डबाट ल्याइएका भेडाबाट गुठीचौर, जुम्लामा ५० वटा पाठापाठी उत्पादन भएका छन्।
- आ.व. २०७१/०७२ मा जम्मा २५०० के.जि. पश्मिना स्वदेशी बजार काठमाण्डौमा बिक्री भएको थियो भने आ.व. २०७२/०७३ मा ७,००० के.जी. पश्मिना उत्पादन भई काठमाण्डौ र चिनको स्वसाशित क्षेत्र तिब्बतको कोरलामा बिक्री हुने क्रममा रहेको छ।
- १५० बरुवाल भेडाहरुमा हिट सिंक्रोनाईजेसन गरी कार्पेट उन उत्पादनको लागि प्रसिद्ध भेडा रोम्नीमार्स र कुपवर्थ जातका भेडाको सिमेन प्रयोग गरी कृत्रिम गर्भाधानवाट ८० वटा भेडामा गर्भ रहेको पाइएको छ।

## ३.११ पशु सेवा तालिम कार्यक्रम (ब.सि.नं. ३१२१३०)

कुल बजेट (रु.हजारमा) ७१०९१ मध्ये भारित प्रगति ९७.८ प्रतिशत र वित्तिय प्रगति ८९.५ प्रतिशत रहेको छ।

पशु सेवा तालिम कार्यक्रम अन्तरगत केन्द्रस्तरमा पशु सेवा तालिम तथा प्रसार निर्देशनालय र क्षेत्रीयस्तरमा पाँचवटै क्षेत्रीय पशु सेवा तालिम केन्द्रहरुबाट पशु सेवामा संलग्न अधिकृत स्तर तथा सहायकस्तरका प्राविधिक कर्मचारीहरुलाई विभिन्न अवधिका सेवाकालिन र विषय

विशेष तालिम प्रदान गरी ज्ञान, शीपका अतिरिक्त सकारात्मक मनोबृत्ति अभिबृद्धि गर्न प्रशिक्षण कार्यक्रम संचालन गर्ने गरिएको छ। निरन्तर शिक्षाको अवधारणालाई आत्मसाथ गर्दै नवीन प्रविधि तथा शीप एवं दक्षता अभिबृद्धि गर्नमा तालिम कार्यक्रमहरुबाट महत्वपूर्ण योगदान मिलेको छ। आ.व. २०७२/७३मा पशु सेवा विभाग अन्तरगत कार्यरत अधिकृतस्तरमा ११ विभिन्न प्याकेजमा १४७ जनालाई, सहायकस्तरका प्राविधिकहरुलाई १८ विभिन्न प्याकेजमा ४३२ जनालाई तालिम प्रदान गरियो। क्षेत्रीय पशु सेवा तालिम केन्द्रहरुले जिल्ला पशु सेवा कार्यालयहरुबाट माग भई जिल्लाहरुबाटै छनौट गरी पठाइएका कृषक समुह/समिति/सहकारीमा आवद्ध पशु पालक कृषक तथा पशुजन्य व्यवसायमा संलग्न १६७० जना उद्यमी/व्यवसायीहरुलाई विभिन्न विषयमा तालिम प्रदान गरिएको थियो। तालिमका अतिरिक्त पशु सेवा तालिम तथा प्रसार निर्देशनालयबाट तालिम पाठ्यक्रम, तालिम म्यानुयल, प्राविधिक पुस्तिका, पम्पलेट, लिफलेट, पोष्टर लगायतका प्रचार प्रसार तथा श्रव्यदृष्य सामाग्रीहरु तयार गरी जिल्ला पशु सेवा कार्यालयहरुलाई उपलव्ध गराउने कार्य सम्पन्न गरिएको छ। तालिम निर्देशनालय तथा क्षेत्रीय तालिम केन्द्रहरुबाट प्रदान गरिएको तालिमको विवरण निम्नानुसार रहेको छ।

**पशु सेवा तालिम तथा प्रसार निर्देशनालय र क्षेत्रीय पशु सेवा तालिमकेन्द्रहरुद्वरा संचालित तालिमका सहभागि विवरण**

| क. स | कार्यक्रम | अधिकृतस्तर तालिम | | | सहायकस्तर तालिम | | | कृषकस्तर तालिम | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | पशु सेवा तालिम तथा प्रसार निर्देशनालय | १३ | १३४ | १४७ | ३ | १७ | २० | ० | १५ | १५ |
| २ | क्षेत्रीयस्तर पशु सेवा तालिम केन्द्र , दुहवी | | | | ७ | ६५ | ७२ | ५१ | २८७ | ३३८ |
| ३ | क्षेत्रीयस्तर पशु सेवा तालिम केन्द्र , जनकपुर | | | | ८ | ५९ | ६७ | ४१ | १६५ | २०६ |
| ४ | क्षेत्रीयस्तर पशु सेवा तालिम केन्द्र ,पोखरा | | | | १२ | ११९ | १३१ | ५७ | ३१४ | ३७१ |
| ५ | क्षेत्रीयस्तर पशु सेवा तालिम केन्द्र ,नेपालगंज | | | | ५ | ७१ | ७६ | ४४ | १६४ | २०८ |
| ६ | क्षेत्रीयस्तर पशु सेवा तालिम केन्द्र ,धनगढी | | | | ६ | ६० | ६६ | २१३ | ३१९ | ५३२ |
| | | १३ | १३४ | १४७ | ४१ | ३९१ | ४३२ | ४०६ | १२६४ | १६७० |

*श्रोतः पशुसेवा तालिम तथा प्रसार निर्देशनालय, हरिहरभवन ।*

## ३.१२ उच्च पहाड कृषि व्यवसाय तथा जिवीकोपार्जन (हिमाली) आयोजना (ब.सि.नं.३१२१५)

कुल बजेट (रु.हजारमा) ७५१९३३ मध्ये भारित प्रगति ८७.३ प्रतिशत र वित्तिय प्रगति ५३.३ प्रतिशत रहेको छ ।




एशियाली विकास बैंकको अनुदान सहयोगमा सन् २०११ बाट संचालनमा रहेको ६ बर्षे यस आयोजनाको मुख्य उद्देश्य उच्च पहाडी जिल्लाका बासिन्दाको आयआर्जनमा सहयोग पु-याउने र जिवीकोपार्जनमा दिगो सुधार गर्ने, हिमाली क्षेत्रको अवस्थीति तथा अलग जलवायुका कारण उपलब्ध Niche Product (बिशेष) उत्पादनहरुको मूल्य श्रृंखला विकास (Value Chain Development) गर्ने र रोजगारी सिर्जना गर्ने रहेकोछ। यो आयोजना विभिन्न १० बटा हिमाली जिल्लामा संचालनमा रहेको र मुल रुपमा पशुपन्छीजन्य व्यवसायका अतिरिक्त तरकारी, फलफुल र जडिबुटी सम्वन्धि मुल्य श्रृङ्खलामा सुधार गरी तीनको व्यावसायिकरणमा टेवा पुऱ्याउदै आएको छ। यस आयोजनामा तीनबटा संभाग रहेका छन् ती हुनः उच्च पहाड कृषि व्यवसाय विकास, मूल्य श्रृंखला क्षमता विकास र आयोजना ब्यवस्थापन।

हालसम्म कुल ६१५ उपआयोजना संचालनमा रहेका छन यी मध्ये २८६ वटा कृषि व्यवसाय अनुदान सम्झौता आ.व.२०७२/०७३ को अवधिमा गरिएको थियो।हालसम्म यी उपआयोजनाहरुमा २००४ जनाले प्रत्येक्ष स्थाइ रोजगारी प्राप्त गरेको र करिव १५ करोड बराबरको आम्दानी प्राप्त गरेका छन।

## ३.१३ बर्ड फ्लू रोग नियन्त्रण आयोजना (ब.सि.नं. ३१२१३२)

कुल बजेट (रु.हजारमा) ४१७६० मध्ये भारित प्रगति २३.८ प्रतिशत र वित्तिय प्रगति ३१.६ प्रतिशत रहेको छ।

आ.व. २०७२/७३ अवधिभर नेपालमा बर्ड फ्लू रोग फैलिएन जुन ज्यादै सकारात्मक पक्ष रहन गयो। कुखुरा पालक तथा पोल्ट्री उद्यमीहरुले बर्ड फ्लुको कारण क्षति व्यहोर्नु परेन भने नेपाल सरकारलाई रोग नियन्त्रणमा हुने खर्च तथा रोग फैलिएको अवस्थामा बर्ड फ्लू आदेशको प्रावधान अनुरुप दिनुपर्ने क्षतिपूर्ति दिनु परेन। तथर्स यस कार्यक्रम अन्तरगत वित्तीय प्रगति न्यून भएता पनि रोग नफैलनु सकारात्मक पक्ष रह्यो। बर्ड फ्लू रोगको जोखिमका आधारमा जिल्लाहरुलाई बर्गिकरण गरिए अनुसार नियमित रुपमा रोगको निगरानी राख्न सर्भिलेन्स कार्यक्रम (१८०० नमुना संकलन परिक्षण तथा सो को प्रतिबेदन पेश गर्ने), पूर्व तयारी स्वरुप गर्नुपर्ने समन्वय वैठकहरु, प्रशिक्षण (कृषकस्तर बायोसेक्युरीटी तालिम १५ व्याच) लगायतका कृयाकलापहरु संचालन गरिएका थिए।

विगतमा संचालन भएका एभियन इन्फ्लएन्जा नियन्त्रण आयोजना तथा बर्ड फ्लू नियन्त्रण आयोजनाका कृयाकलापहरुबाट प्राविधिक जनशक्तिको शीप तथा दक्षतामा सुधार आएको, प्रयोगशालाहरुमा उपकरण तथा टेस्ट किटहरुको उपलव्धता र परिक्षण गर्ने दक्षतामा अभिबृद्धि भएको, SOP र प्रोटोकलहरु, कार्यविधि र निर्देशिकाहरु तयार तथा परिमार्जन भएका र सिमुलेसन अभ्यासहरुका माध्यमबाट पूर्वतयारीमा रहने परिपाटीको विकास र बास्तविक रोग फैलिएको अवस्थामा रोग नियन्त्रण गर्न गरिएका अनुभवहरुबाट पशु सेवाको संयन्त्र तम्तयार अवस्थामा रहेकोछ।

## ३.१४ राष्ट्रिय दुग्ध विकास बोर्ड (ब.सि.नं.३१२०१६३)

कुल बजेट (रु.हजारमा) ९४६९३० मध्ये भारित प्रगति ६९.३ प्रतिशत र वित्तिय प्रगति ६१.३२ प्रतिशत रहेको छ ।

दुग्ध क्षेत्रको विकास तथा प्रवर्द्धनको लागि नेपाल सरकारलाई नीति निर्माण गर्न सुझाव दिन वि.स.२०४९ मा वोर्ड ऐन २०४८ अनुसार राष्ट्रिय दुग्ध विकास बोर्डको स्थापना भएको हो।

**आ.व.२०७२/७३ मा दुग्ध विकास बोर्डवाटसम्पन्न भएका मुख्य मुख्य कार्यहरु**

- Milk Analyser खरिद तथा बितरण (२० वटा)
- Sexed Semen खरिद (८००० डोज)
- दूग्ध पदार्थ विविधीकरण तालीम (५ वटा)
- गुणस्तरीय चिज उत्पादन तालीम (१ वटा)
- प्रशोधित प्याकेट दूधको No Return System लागु गर्नको लागि अनुगमन
- दुग्ध उद्योगहरुमा व्यवहारीक संहिता लागू गर्ने र अनुगमन
- Study on Benchmark Survey on quality of raw and processed milk in Nepal.
- Milk analizer मर्मत तालिम (१ वटा)
- Chilling Vat मर्मत तालिम (१ वटा)
- व्यवसायीक पशुपालन फार्म व्यवस्थापनको लागि अनुदान (५० वटा)
- साना तथा घरेलु उद्योगहरुको क्षमतामा विस्तारको लागि अनुदान सहयोग (५वटा)
- दूध दिवस मनाउने
- Dairy Expo 2015 को आयोजना

## ३.१५ नेपाल पशु चिकित्सा परिषद (ब.सि.नं.३२७०१४३)

कुल बजेट (रु.हजारमा) ३५८४ मध्ये भारित प्रगति १०० प्रतिशत र वित्तिय प्रगति ९६.७० प्रतिशत रहेको छ।

पशु चिकित्सा ब्यवसायलाई प्रभावकारी बनाई ब्यवस्थित गराउन, वैज्ञानिक ढंगले परिचालन गर्न तथा पशु चिकित्सकहरुको योग्यता अनुसार नाम दर्ता गर्ने समेतको ब्यवस्था गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्थाको रुपमा बि.सं. २०५६ सालमा यो परिषद्को स्थापना भएको हो । यस परिषद्ले पशु चिकित्सा व्यवसायलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति, कार्ययोजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेश गर्ने, पशु चिकित्सकहरुको योग्यता निर्धारण

गरी नाम दर्ता तथा नियमन गर्ने, दर्तावाल पशु चिकित्सकहरुले पालना गर्नुपर्ने आचारसंहिता तयार गरी लागू गर्ने, पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरुले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरुलाई मान्यता दिने तथा पशु स्वास्थ्यसंग सम्वन्धित विषयमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने समेतका प्रमुख कार्यहरु सम्पादन गर्ने गर्दछ।

परिषद्का कार्यहरु छिटो छरितो रुपमा सम्पन्न गर्न परिषद्ले नाम दर्ता, प्रशासनिक, गुणस्तर नियमन, पेशागत मापदण्ड, उजुरी छानविन र क्षमता निर्धारण जस्ता विषय समितिहरु गठन गरी कार्य सम्पादन गर्ने गरेको छ। परिषद्को प्रशासनिक प्रमुखको रुपमा नेपाल सरकारवाट “क” श्रेणीको दर्तावाल पशु चिकित्सकलाई रजिष्ट्रारको पदमा नियुक्त गर्ने प्रावधान रहेको छ।

परिषदमा गत आ. व. २०७२/०७३ को अन्तसम्म ८५९ जना स्थायी, १५ जना विशेषज्ञ र २३ जना गैर नेपाली पशु चिकित्सकको नाम दर्ता गरिएको छ भने भेटेरिनरी स्नातक उत्पादन गर्ने शिक्षण संस्थाको न्यूनतम मापदण्ड निर्धारण गरी मान्यता दिने र नियमन गर्ने कार्य समेत भई रहेको छ ।

# ४. प्रगति नपुग हुनाका कारण

- बर्डफ्लु रोग देखापरेमा नियन्त्रण र क्षतिपुर्तिमा बार्षिक २ करोड ४० लाख बिनियोजन भएकोमा आ. व. २०७२/०७३ मा यस रोग देशभित्र देखानपरेकोले खर्च नभएको हुँदा भारित र बितिय प्रगित कम भएको ।
- कोरेली गाई वितरणको लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान अनुरुप दुई पटक सम्म वोलपत्र आह्वान गर्दा समेत एउटा मात्र वोलपत्र दर्ता हुन आएको र सो को मुल्याङ्कन गर्दा सारभुत रुपमा प्रभावग्राही नभएकोले कार्यक्रम पुरा गर्न नसकिएको ।
- हाइड्रोपेनिक्स मेसिन खरिद तथा वितरण कार्यः

  ३० गोटा मेसिनहरुलाई प्रति मेसिन रु.४० लाखका दरले वजेटका साथ कार्यक्रम स्विकृत भएको भएता पनि कृषकहरु ठुला मेसिन खरिदका लागि तयार नभएको ।
- हिमाली आयोजनाको सहयोगमा सन्चालित उपआयोजनाहरुले सम्झौता गरेको कार्य योजना अनुसार अनुदानको रकम सोधभर्नाको लागि माग नगरेकोले सो आयोजना तर्फको खर्च कम देखिएको ।

# ५. समस्या, चुनौति र भावी कार्यदिशा

१. पशु विकास फार्म, जिरी दोलखाको स्वामित्वमा रहेको रामेछापको खिम्ती स्थित गाई प्रजनन् केन्द्रको जग्गामा जलविद्युत कम्पनीहरु, विद्यालय र अनधिकृत व्यक्तिहरुबाट अतिक्रमण गरिएको भन्ने जानकारी प्राप्त भएकोले अतिक्रमण हटाउन स्थानीय प्रशासनलाई निर्देशन हुनु पर्ने।

२. पशुपन्छी विकास मन्त्रालय अन्तरगत विभिन्न जिल्लाका भौतिक संरचनाहरु सुरक्षा निकायहरुबाट प्रयोग भइ आएको र यसबाट कृषकहरुमा सेवा प्रवाहमा कठिनाइ उत्पन्न भएकोले यथासक्य छिटो फिर्ता गरिनु पर्ने।

३. कृषि विकास मन्त्रालय अन्तरगत पशुपन्छी विकास तथा अनुसंधान सम्वन्धि गतिविधिहरु विभिन्न आयोजना (AFSP, PACT, KUBK, HVAP) ,नार्क (NARC) तथा नार्डेफ (NAEDEF) बाट हुने तर सो को प्राथमिकता निर्धारण, प्रगति समिक्षाका सम्वन्धमा पशुपन्छी विकास मन्त्रालय अनविज्ञ रहनु पर्ने अवस्थाको अन्त्य गर्न कृषि विकास मन्त्रालयबाट संचालित पशुपन्छी विकास संग सम्वन्धित कार्यक्रम यस मन्त्रालयमा स्थानान्तरण हुनु पर्ने र NARC, NAEDEF को नीति निर्धारण तहमा समान प्रतिनिधित्व हुनु पर्ने।

४. प्राकृतिक प्रकोपबाट कृषकहरुले पालेका पशुपन्छीको क्षति हुँदा राहत दिने व्यवस्था सुनिश्चित हुनु पर्ने।

५. राष्ट्रिय पुनःनिर्माण प्राधिकरणबाट पुनः निर्माण कार्य गर्दा भूकम्प पिडित पशुपन्छी पालक कृषकहरुका भत्केका गोठ, भकारा पनि संगसंगै पुनःनिर्माण गर्ने व्यवस्था हुनु पर्ने ।

६. पशुपन्छीको दाना, पशु औषधि (Veterinary Drugs) सम्वन्धि नियमनको जिम्मेवारी पशुपन्छी विकास मन्त्रालय अन्तरगत रहनु पर्ने ।

७ उन्नत पशुपन्छीका नश्ल मित्रराष्ट्रहरुबाट उपलव्ध गराउन सम्वन्धित मन्त्रालयहरुले प्रस्ताव तयारगरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयमा पेश गर्ने। त्यसको नेतृत्व प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयले गर्ने ।

८. विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुबाट ग्रामीण कृषकहरुको आयआर्जनकालागि पशुपन्छी वितरण गर्ने गरेको र यसक्रममा एक स्थानबाट अर्को स्थानमा पशुपन्छीको ओसार पसार गर्दा रोग फैलिन गई कृषकहरुले उल्टै क्षति व्यहोर्नु परेको अवस्था एदाकदा सृजना भएकोले वितरण गरिने पशुपन्छीको सम्वन्धित जिल्ला पशु सेवा कार्यालयहरुको समन्वयमा स्वास्थ्य जाँच गरी गर्ने र खोप लगायतका उपायहरु अवलम्वन गर्ने व्यवस्था मिलाउने ।

९. पशुपन्छी विकास मन्त्रालय स्थापना भएको यतिका समय भैसक्दापनि नयाँ मन्त्रालयकालागि कार्यस्थलको अभाव यथावत रहेकोले नयाँ भवन निर्माणको व्यवस्था गरिनु पर्ने।

१०. पशुपन्छी पालनमा व्यवसायिकरण बढे संगै खासगरी ठूला पशुपालन फार्म, पोल्ट्री फार्म, पशु बद्यशाला, पशु हाटबजारकालागि स्थान तोक्ने व्यवस्था निश्चित मापदण्ड सहित सम्वन्धित स्थानीय निकायबाट गरिने व्यवस्था हुनु पर्ने।

११. बिभिन्न बीमा कम्पनीहरुबाट पशुपन्छी बीमाको सेवा उपलव्ध गराउदै आएको सन्दर्भमा यस सेवालाई थप विस्तार गर्दै सवै जिल्ला खासगरी दुर्गम जिल्लामा सेवा विस्तार हुने सुनिश्चितताका लागि बीमा समितिलाइ निर्देशन दिइनु पर्ने।

